म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १३१ आइतबार, ७ पुस २०८१ ने. सं. ११४५ थिलागा 22 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**प्लाष्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं**

- प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन,
- यसले जमिन तथा जल प्रदूषण गर्दछ,
- प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ,
- प्लाष्टिक जलाउदा वायुमण्डल प्रदुषित हुन्छ,
- खोलानाला वा समुद्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ, त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कृषि थोक बजारको भवनमा सहकारी मन्त्रालय

साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/ किसानले उत्पादन गरेको कृषिजन्य बस्तुको एकीकृत बजारका लागि निर्माण गरिएको भवनमा बागमती प्रदेशको मन्त्रालय बसेको छ ।

हेटौंडा-११ थानाभन्याङ स्थित राप्ति पुलनजिकै निर्माण गरिएको प्रादेशिक कृषि थोक बजारको प्रशासनिक भवनमा बागमतीमा हालै थप गरिएको सहकारी तथा गरिबी निवारण मन्त्रालय बसेको हो । चार दिनअघि नै सम्बन्धित पक्षसँग स्वीकृति नलिई र कृषि विकास निर्देशनालयको 'इन्कारी राय'का बाबजुद मन्त्रालयले भवन कब्जा गरेको हो । सहकारी मन्त्रालय कृषि थोक बजारको व्यवस्थापन हेर्ने निकाय बस्ने प्रशासनिक भवनमा बसेको छ । कोठामा मन्त्रालयका कार्यकक्ष तयार भइसकेका छन् ।



गत २७ कात्तिकमा बसेको मन्त्रिपरिषद् बैठकले पर्यटन र सामाजिक विकास मन्त्रालय फुटाएर सहकारी तथा गरिबी निवारण मन्त्रालय गठन गरेको थियो । विनाविभागीय मन्त्री मदुकुमार श्रेष्ठका लागि यो मन्त्रालय बनाइएको थियो । यसअघि मुख्यमन्त्री कार्यालय परिसरभित्रकै जिल्ला विकास समितिको पुरानो भवनमा सहकारी मन्त्रालय बस्ने तयारीमा थियो । त्यो भवनमा उद्योग, वाणिज्य तथा प्रशासन मन्त्रालय पहिल्यै थियो ।

भूकम्पले क्षति पुऱ्याएको भवनमा सहकारी मन्त्रालय राख्न कठिनाई भएपछि कृषि थोक बजारको प्रशासनिक भवनमा मन्त्रालय बसाइएको सहकारी मन्त्रालय सचिव रुद्रप्रसाद लामिछाने बताउँछन् । मुख्यमन्त्री बहादुरसिंह लामा, मन्त्री श्रेष्ठको निर्देशनमा थोक बजारमा मन्त्रालय स्थापना गरिएको लामिछानेले बताए । 'मुख्यमन्त्री, मन्त्रीज्यूहरुको भनाईअनुसार गएका हौं । त्यहाँ भवन प्रयोगमा नआएकोले मन्त्रालय बसाइएको हो । पछि बजार बसेपछि नेतृत्वले अर्को विकल्प खोज्ला' सचिव लामिछानेले भने ।

कृषि मन्त्रालयका सचिव विनोद भट्टराईले सहकारी मन्त्रालयलाई कृषि थोक बजारको भवन प्रयोग गर्न अनुमति नदिएको बताए । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले थोक बजारमा सहकारी मन्त्रालय बस्ने भएकाले समन्वय गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई पत्राचार गरेको थियो । कृषि मन्त्रालयले निर्देशनालयसँग राय माग गरेकोमा निर्देशनालयले कृषि थोक बजारको लागि निर्मित भवनमा मन्त्रालय राख्न नमिल्ने राय लेखेर पठाएको थियो । 'यहाँबाट अन्य प्रयोजनका लागि भवन प्रयोग गर्न नमिल्ने राय लेखेर कृषि मन्त्रालय पठाएका हौं ।' निर्देशनालयका वरिष्ठ कृषि प्रसार अधिकृत प्रमोदप्रसाद दाहालले भने ।

३० करोड ८७ लाख ६३ हजार रुपैयाँमा ठेक्का पाएको अनक/माउण्टेन जेभी काठमाडौंले थोक बजार निर्माण सकेर कृषि निर्देशनालयलाई हस्तान्तरण पनि गरेको छैन । निर्देशनालयले बजार सञ्चालन र व्यवस्थापनका लागि हेटौंडा उपमहानगरपालिकालाई भवन हस्तान्तरण गर्नुपर्नेछ । प्रादेशिक कृषि थोक बजार निर्माण सकिएर हस्तान्तरणको अन्तिम चरणमा रहेको निर्देशनालयका अधिकृत दाहालले बताए । थोक बजार सञ्चालन निर्देशिकाको मस्यौदा तयार भएर स्वीकृतिको चरणमा रहेको छ ।

प्रदेश सरकार र हेटौंडा उपमहानगरपालिकाबीच यसअघि नै थोक बजार निर्माणको सम्झौता भएर सञ्चालनको जिम्मा नगरले लिने सहमति भएको थियो । प्रदेश सरकारले ७०/३० को लगानी मोडलअनुसार दुई बिघा ४ धुर क्षेत्रफलमा तीनवर्ष लगाएर थोक बजार निर्माण गर्ने लक्ष्यसहित १४ भदौ २०७७ मा हेटौंडा उपमहानगरपालिकासँग सम्झौता गरेको हो । सम्झौताको एक वर्षपछि थोक बजार निर्माण थालिएको थियो ।

९ जेठ २०७८ मा काम सुरु गरेको कम्पनीले जेठ २०८१ भित्र सम्पन्न गर्नुपर्ने सम्झौतामा थियो । ७ महिना म्याद थप भएकाले ८ मंसिरसम्ममा काम सम्पन्न गरि सक्नुपर्ने थियो । कृषि थोक बजारको भौतिक प्रगति ९६ र वित्तीय प्रगति ८६ प्रतिशत भएको जनाएको छ । निर्माण कम्पनीलाई २६ करोड ५५ लाख ३५ हजार ९ सय ९६ रुपैयाँ गत असारमै भुक्तानी भएर थप र कम भुक्तानी हुँन बाँकी रहेको निर्देशनालयले जनाएको छ ।

सडक कालोपत्रे र अन्य सामान्य काम मात्रै गर्न बाँकी रहेको निर्देशनालयका सबइन्जिनियर मोदनाथ तिम्सिनाले जानकारी दिए । प्राविधिक मूल्यांकनमा सडक कालोपत्रे नभएकाले निर्देशनालयले सडक निर्माणका लागि काम गर्दैछ । थोक बजार निर्माणका लागि हेटौंडा उपमहानगरले तत्कालीन समयमा थानाभन्याङस्थित राप्तिपुल नजिकैको जग्गामा रहेका ५८ वटा घर/टहरा हटाएको थियो । जग्गा खाली गरेपछि १८ असार २०७८ मा बागमतीका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेल र उपमहानगरका मेयर हरिबहादुर महतले शिलान्यास गरेका थिए ।

थोक बजारमा होलसेल मार्केट, रिटेल (खुद्रा) मार्केट, किसानको टहरा, प्रशासनिक तथा क्यान्टिन, कोल्ड स्टोरेज लगायतका संरचना हुने सबइन्जिनियर तिम्सिनाले बताए । बजारको होलसेल मार्केटमा ४० वटा सटर र रिटेल मार्केटमा २३ वटा सटर रहेको छ । भवनमा अण्डरग्राउण्ड पार्किङको पनि सुविधा छ । एउटै भवनमा दुई वटासम्म लिफ्ट रहेका छन् ।

**उपमहानगरको आपत्ति**

प्रादेशिक थोक बजारमा मन्त्रालय बसेपछि हेटौंडा उपमहानगरपालिकाले आपत्ति जनाएको छ । उपमहानगरका प्रवक्ता सविन न्यौपानेले किसानको उत्पादन बिक्रीवितरण गर्ने ठाउँमा मन्त्रालय बस्ने कुरा स्वीकार्य हुन नसक्ने बताए ।

'किसानको भलोको लागि राज्यले करोडौं खर्चिएर बनाएको भवन हो । त्यहाँबाट किसानको उत्पादन बिक्रीवितरण मात्रै हुन्छ । मन्त्रालय यहाँबाट हट्नुपर्छ' प्रवक्ता न्यौपानेले भने ।

मन्त्रालय राख्ने भन्ने विषयमा मुख्यमन्त्री कार्यालयले अर्को व्यवस्थापन गर्न पनि उनले आग्रह गरे । अनुमति नलिई जर्वजस्ती मन्त्रालय बस्ने कुरा प्रदेश सरकारको हकमा सुहाउँदो नभएको उनको भनाई छ । प्रवक्ता न्यौपानेले उपमहानगरले नै प्रदेश सरकारको मन्त्रालय बनाउन जग्गा दिएकाले त्यहाँ भवन बनाएर बस्न पनि सुझाए ।

## युवा पलायन रोक्न राज्यले उचित सम्बोधन गर्नुपर्छः मन्त्री महर्जन




साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जनले युवा जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप उपलब्ध गराउनेतर्फ सरकारको ध्यान केन्द्रित हुनुपर्ने बताएका छन् ।

प्रदेश युवा परिषद्ले हेटौंडामा आयोजना गरेको 'राष्ट्रिय युवा कविता उत्सव २०८१' को उद्घाटन गर्दै मन्त्री महर्जनले युवालाई उद्यम व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गर्नुपर्नेमा जोड दिए । 'म खेलकुद क्षेत्रबाट आएको मान्छे, युवाको भावना र मर्म बुझ्छु । विषयगत ज्ञान पनि मसँग छ । तर, म मन्त्री नियुक्त हुँदा बजेट बनिसकेको थियो जुन पर्याप्त छैन । जसले गर्दा हामीले युवाको क्षेत्रमा उल्लेख्य काम गर्न सकिरहेका छैनौं । फलस्वरुप युवालाई स्वदेशमा टिकाउनै मुस्किल छ' उनले भने ।

परम्परागत पेसा र व्यवसायको जगेर्ना गर्दै व्यावसायीकरणमा युवालाई सहयोग गर्नसके युवा उत्प्रेरित हुने भन्दै उनले आफ्नो कार्यकालमा युवामैत्री उद्यमशीलता सम्बन्धी परामर्श सेवा प्रदान गर्ने, वैदेशिक अध्ययन तथा रोजगारीबाट सिकेका ज्ञान, सीप, प्रविधि, पूँजी र अनुभवलाई देशमै उत्पादनमूलक क्षेत्रमा लगाउने वातावरण सिर्जना गर्न पहल गर्ने बताए ।

त्यस्तै प्रदेश सचिव बद्रीनाथ गैह्रे र परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंले युवालाई नेतृत्व, व्यक्तित्व विकाससँगै रचनात्मक, सीपमुलक तालिमसँग जोड्न सहयोग र समन्वय गरिने बताए । साहित्य संगम मकवानपुरले समन्वय गरेको कविता उत्सवमा साहित्यकार मोमिला जोशीले १० वटा कविता प्रस्तुत गरेकी थिइन् । युवाकबिका रचना समेटिएको खुला कविता प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगितामा कास्कीका संयोग बस्याल प्रथम हुँदै नगद ४० हजार रुपैयाँ हात पार्न सफल भएका छन् । उनले 'सावधान' शीर्षकको कवितावाचन गरेर निर्णायकको मन जितेका थिए ।

प्रतियोगितामा कास्कीका सुदर्शन पौडेलले 'घर नफर्किएको छोराको सम्झनामा' शीर्षकको कवितासँग द्वितीय स्थान हासिल गर्दै नगद ३० हजार रुपैयाँ पुरस्कार प्राप्त गरे । त्यसैगरी, उदयपुरकी सुमी पोखरेलले 'समयदर्शक यन्त्रको पर्दा नियाल्दा' शीर्षकको कवितासँग तृतीय स्थान हासिल गर्दै २० हजार रुपैयाँ प्राप्त गरिन् । बझाङका महेश कठायतले 'देश' शीर्षकको कविताका लागि सान्त्वना पुरस्कारस्वरुप नगद १० हजार रुपैयाँ प्राप्त गरे । कविता उत्सवका लागि देशभरबाट २ सय २३ कविता प्राप्त भएकामध्येबाट उत्कृष्ट २० कविताको सूची तयार पारिएको थियो । शनिबार आयोजित कार्यक्रममा छनोटमा परेका कविले कवितावाचन गरेका थिए ।

## नेता बानियाँको मनहरीमा सम्पर्क कार्यालय स्थापना

साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/ मकवानपुर क्षेत्र नम्बर २ (ख) का प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले आफ्नो चुनावीक्षेत्रमा सम्पर्क कार्यालय स्थापना गरेका छन् ।



उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले शनिबार एक कार्यक्रमकाबीच कांग्रेस बागमती प्रदेश सभापति एवम् बागमती प्रदेशसभा सदस्य बानियाँको सम्पर्क कार्यालय उद्घाटन गरे । उपप्रधानमन्त्री सिंहले सम्पर्क कार्यालय उद्घाटन गर्दै जनप्रतिनिधिले जनताको आवश्यकता र चाहनालाई सम्बोधन गर्न सहज पहुँच हुने गरी कार्यालय वा सम्पर्कालय स्थानमा गर्न जरुरी रहेको बताए ।

देशमा जवजव जटिल समस्या पर्छ कांग्रेसले नेतृत्व लिएर समाधान गरेको विगतका उदाहरण रहेको बताउँदै उप-प्रधानमन्त्री सिंहले कांग्रेसको नेतृत्वमा मात्रै विकास र समृद्धि सम्भव भएको दाबी गरे ।

कांग्रेस बागमती प्रदेश सभापति एवम् प्रदेशसभा सदस्य बानियाँले चुनावको बेला मतदातामाझ गरेको प्रतिवद्धता अनुरुप कार्यालय खोलेको बताए । मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी बजारमा मतदाताको गुनासो सुन्न तथा साझा सम्पर्कथलोको रुपमा विकास गर्न कार्यालय खोलिएको कांग्रेस बागमती प्रदेश सभापतिसमेत रहनुभएका बानियाँले बताए ।

सम्पर्क कार्यालयमार्फत् मकवानपुर क्षेत्र नम्बर २ ख का मनहरी, राक्सिराङ, कैलाश गाउँपालिका र हेटौंडा उपमहानगर पालिका वडा नम्बर ३ र १९ का मतदाताले विकास निर्माणलगायत विषयमा छलफल गर्न सक्नेछन् ।

सम्पर्क कार्यालय उद्घाटन कार्यक्रममा कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री मिनकृष्ण महर्जन, कांग्रेस बागमती प्रदेश सदस्यद्वय सन्त चेपाङ र जानुका लामा, कांग्रेस प्रदेश क्षेत्रीय सभापति एवम् मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, मनहरी-७ का वडाअध्यक्ष ठाकुर तितुङलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

**१३ औं वार्षिक साधारण सभासम्बन्धी सूचना !**

*प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०५ गते*

यस संस्थाको मिति २०८१/०९/०१ गते सोमबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार १३ औं बार्षिक साधारण सभा, तपसिलमा उल्लेखित प्रस्ताव उपर छलफल गरी निर्णयका लागि साधारण सभा आव्हान गरिएको व्यहोरा सम्बन्धीत सवै महानुभावहरुमा अनुरोध छ । साथै संस्थाका सबै शेयर सदस्यज्यूहरुलाई वार्षिक साधारण सभाको जानकारी एवम् उपस्थितिको लागि यसै सूचनालाई आधार मानी निम्नअनुसारको मिति, समय र स्थानमा शेयर सदस्यज्यूहरुको सक्रिय सहभागीताका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा संचालन हुने मिति, समय र स्थान :**
**मिति** : २०८१/०९/२७ गते शनिवार
**समय** : बिहान ९:०० वजे देखि ५:०० बजेसम्म
**स्थान** : संस्था रहेको भवन हेटौंडा-०४, पारिजातपथ

**साधारण सभामा छलफलका बिषयहरु :**
१. अध्यक्ष ज्युले पेश गर्नुहुने वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८०/८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८०/८१ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तय गर्ने सम्बन्धमा ।
४. संचालक समितितथा लेखा समिति निर्वाचन सम्बन्धमा ।
५. संस्थाको विनियम संशोधन तथा कार्यक्षेत्र बिस्तार सम्बन्धमा ।
६. निर्णय प्रमाणित गर्न प्रतिनिधि चयन सम्बन्धमा ।
७. विविध ।

***नोट** : साधारण सभामा स्वयम् उपस्थित हुने सदस्यलाई मात्र रु.५०० मानियम अनुसार कर कट्टी गरी यातायात खर्च प्रदान गरिनेछ ।*

मनोज तामाङ (अध्यक्ष)
**शिशिर बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, पारिजातपथ, मकवानपुर
फोन : ०५७-५९०७०३

**सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा


# औद्योगिक क्षेत्र सुरक्षा चुतौती

हेटौंडा औद्योगिक क्षेत्रभित्रको चारैतिरको सीमाना क्षेत्रमा तारबारको व्यवस्था नहुँदा निजी क्षेत्रको लगानी सुरक्षामा निकै कठिनाइ भएको छ । औद्योगिक क्षेत्रभित्रबाट संचालन भइरहेको सार्वजनिक यातायातमा प्रतिबन्ध लगाउन सकिएको छैन । संसरका कुनैपनि औद्योगिक क्षेत्रभित्रबाट सर्वसाधारणलाई जुनसुकै बेला हिड्ने अनुमति दिईदैन । तर, हेटौंडा औद्योगिक क्षेत्र यस्तो नमूनाको औद्योगिक क्षेत्र हो जहाँ २४ घण्टा सर्वसाधारणले निर्धक्कसँग औद्योगिक क्षेत्रभित्र प्रबेश पाउँछन् । औद्योगिक क्षेत्रमा लगानीकर्ता किन आएनन् भनेर रोईलो गर्ने हेटौंडाबासीले यति कुरा पनि ख्याल गर्न किन नसकेको ? औद्योगिक क्षेत्रभित्र जुनसुकै बेला जो कोही प्रबेश गर्दाको परिणाम किन नबुझेको ? औद्योगिकक्षेत्रमा सम्बद्ध ब्यक्ति बाहेक जो कोही प्रबेश किन दिनु परेको ? नेपालमा लगानीमैत्री वातावरण नभएको भन्दै लगानीकर्ता पलायन भइरहेको अवस्थामा यति सानो कुरामा स्थानीयको अवरोध किन ? औद्योगिक क्षेत्रभित्रको सडक बन्द गरी दायाँबायाँबाट यात्रा गर्न किन नसकेको ? औद्योगिक क्षेत्रभित्रबाट हुने सार्वजनिक यातायातमा प्रतिबन्ध लगाउँने कसरी ? नेपालीमा एउटा उखान छ 'बिरालोको घाँटीमा घण्टी कस्ले बाँध्ने ?' हेटौंडा औद्योगिक क्षेत्रमा पनि यही भएको हो । औद्योगिक क्षेत्रभित्रको सार्वजनिक यातायातमा स्थानीय सरकार, स्थानीय प्रशासन, औद्योगिक क्षेत्र ब्यवस्थापन, सम्बद्ध वडाका नागरिक सबै दोषि छन् । औद्योगिक क्षेत्रलाई त्यही रुपमा विकास गरिनु पर्दछ ।

सर्वसाधारणले खुलेआम प्रबेश पाउने अवस्थाले नै लगानीकर्ता हेटौंडा औद्योगिक क्षेत्रमा आउनै चाहँदैनन् । क्षेत्रफलका दृष्टिकोणले देशकै ठूलो हेटौंडा औद्योगिक क्षेत्रमा यतिबेला एक सय २७ वटा उद्योग सञ्चालनमा छन् । स्वदेशी उद्योग मात्रै नभई बहुराष्ट्रिय कम्पनी पनि छन् । औद्योगिक क्षेत्रमा निर्माण सामग्रीजन्य उद्योग ७ वटा, प्लास्टिकजन्य सामग्री उत्पादन गर्ने उद्योग ३१ वटा, विद्युत् तथा विद्युतीय सामग्री उत्पादन उद्योग ४ वटा, खाद्यान्न तथा पेयपदार्थ उत्पादन गर्ने उद्योग १४ वटा, फर्निचर तथा काष्ठ चिरान उद्योग ६ वटा, इन्जिनियरिङ सेवा उद्योग १२ वटा, प्याकेजिङ उद्योग ५ वटा, केमिकल तथा रङरोगन उत्पादन उद्योग ११ वटा, पोल्ट्री तथा दाना उद्योग २ वटा, टेक्सटाइल्स उद्योग एक, खानीजन्य उद्योग ३ वटा, विविध प्रकारका उद्योग १२ वटा छन् । यस क्षेत्रमा विगत दुई दशकअघि स्थापना भएका पुराना ६ वटा उद्योग आर्थिक संकटका साथै कच्चापदार्थको अभावमा बन्द अवस्थामा छन् । नेपाल सेन्थेटिक कपडा उद्योग, नेपाल छाला उद्योग प्रालि, नेपाल लाइभस्टक प्रालि, नेपाल वनस्पति घ्यू, नेपाल पोलिथिन प्लाष्टिक प्रालि र नेपाल दाना उद्योग प्रालि बन्द छ । नेपाल सरकारको स्वामित्वमा सञ्चालित हेटौंडा कपडा उद्योग पनि विसं २०५६ सालदेखि बन्द छ । औद्योगिक क्षेत्रमा कुल १४६ वटा उद्योग अटाउने क्षमता छ । औद्योगिक क्षेत्रमा १४३ उद्योग सञ्चालनको लागि दर्ता भएकोमा १३६ उद्योगले भौतिक संरचना र पूर्वाधार तयार गरी उत्पादन थालेको जनाइएको छ ।

औद्योगिक क्षेत्रमा हाल सञ्चालनमा रहेका विभिन्न उद्योगबाट प्रत्यक्ष र अप्रत्यक्ष गरी करिब ८ हजार व्यक्तिले रोजगारीको अवसर प्राप्त गरेका छन् । विसं २०२० मंसिर २० गते अमेरिकी सरकारको आर्थिक अनुदान र प्राविधिक सहयोगमा तत्कालीन श्री ५ को सरकारले हेटौंडा औद्योगिक क्षेत्र स्थापना गरेको हो । औद्योगिक क्षेत्र स्थापनाका क्रममा तीन हजार दुई सय २८ रोपनी जग्गा क्षेत्र व्यवस्थापनलाई हस्तान्तरण गरिएको थियो । हाल औद्योगिक क्षेत्रमा विभिन्न उद्योगको स्थापनाका क्रममा एक हजार ९ सय ६१ रोपनी जग्गा सम्बन्धित उद्योगका व्यवस्थापकलाई वितरण गरी उद्योग सञ्चालन भइरहेका छ । बाँकी रहेको एक हजार चार सय रोपनी जग्गा जगेडामा राखिएको छ । विभिन्न उद्योगका अतिरिक्त औद्योगिक क्षेत्र परिसरमा हाल इलाका प्रहरी कार्यालय, नेपाल बैंक सिटी अफिस, सशस्त्र प्रहरी बेसक्याम्प, प्रदेश खाद्य तथा गुणनियन्त्रण कार्यालय, प्रदेश माटो परीक्षण कार्यालय, हेटौंडा वितरण आयोजना र प्रदेश कृषि बीउबिजन कार्यालय सञ्चालन भइरहेका छन् ।

## भियतनामी क्रान्ति : साम्राज्यवादका विरुद्ध जनताले लडेको गौरवशाली युद्ध



✍ डा. चूडाप्रसाद ढकाल

भियतनामी क्रान्ति एउटा यस्तो संघर्षको कथा हो, जसले सिङ्गो संसारलाई अन्याय र अत्याचारका विरुद्ध उभिन प्रेरित गऱ्यो । जब १८८७ मा फ्रान्सले भियतनामलाई आफ्नो उपनिवेश बनायो, त्यस उपनिवेशवादको घाउ आर्थिक शोषणमा मात्र सीमित रहेन, यसले जनताको सांस्कृतिक पहिचान र आत्मसम्मानमाथि समेत प्रहार गऱ्यो । भियतनामको कृषिजन्य उत्पादनको आधाभन्दा बढी भाग फ्रान्सेली उद्योगका लागि निर्यात गरिन्थ्यो, जसले किसानलाई आफ्नै भूमिबाट विस्थापित गऱ्यो । अर्कोतर्फ सहरी उद्योग र बन्दरगाह विदेशी नियन्त्रणमा गएकाले स्थानीय अर्थतन्त्रलाई तहसनहस पाऱ्यो । भियतनामी भाषा, संस्कृति र शिक्षालाई कमजोर पार्दै फ्रान्सेली शासनले आफ्नो भाषा र प्रशासन लागु गऱ्यो । भियतनामी शिक्षालाई व्यवस्थागत रूपमा कमजोर बनाउने यो नीति जनमानसमा सांस्कृतिक विखण्डन र आत्मगौरवको ह्रास निम्त्याउन लक्षित थियो ।

यस्तो कठोर दमनका बिच पनि भियतनामी जनताले स्वतन्त्रताको सपना कहिल्यै मरेर जान दिएनन् । १९औँ शताब्दीको अन्त्यमा फान बोई चाउ र फान चाउ ट्रिन्हजस्ता राष्ट्रवादी अभियन्ताहरूले देशभक्ति र क्रान्तिको चेतना जगाउन थाले । ती साना-साना विद्रोहले स्वतन्त्रताको बिउ रोप्न मद्दत गरे, जसले क्रमश: ठुलो आन्दोलनको स्वरूप लिन थाले । भियतनामी जनताको यस संघर्षलाई व्यवस्थित दिशामा अघि बढाउन सन् १९३० मा हो ची मिन्हको नेतृत्वमा भियतनामी कम्युनिस्ट पार्टीको स्थापना गरियो । मिन्हले मार्क्सवादी-लेनिनवादी विचारधारालाई आत्मसात गर्दै विदेशी उपनिवेशवादविरुद्धको संघर्षलाई सही दिशामा डोऱ्याए । उनले किसान र मजदुर वर्गलाई एकताबद्ध गर्दै सामाजिक न्याय, भूमि पुनर्वितरण र राष्ट्रिय स्वाधीनतालाई आन्दोलनको केन्द्रमा राखे ।

दोस्रो विश्वयुद्धको समयमा जापानले फ्रान्सबाट भियतनाममा कब्जा जमायो । यसले भियतनामी जनताले विदेशी साम्राज्यवादको अर्को कष्टदायी चरणको सामना गर्नुपऱ्यो । जापानी नियन्त्रणका कारण व्यापक भोकमरी र जनसंकट उत्पन्न भयो तर जापानको पराजयपछि सन् १९४५ मा हो ची मिन्हको नेतृत्वमा भियतनामी जनताले निर्णायक कदम चाले । १९४५ सेप्टेम्बर २ मा हो ची मिन्हले लोकतान्त्रिक गणतन्त्र भियतनामको स्थापना घोषणा गरे । यो ऐतिहासिक क्षणले भियतनामी जनताको स्वतन्त्रताको आकांक्षा पूरा गरेझैँ देखिए पनि फ्रान्सेली उपनिवेशवाद पुन: सशक्त रूपमा भियतनाम फर्कियो । यसले पहिलो इन्डोचाइना युद्धको थालनी गऱ्यो, जसले भियतनामी क्रान्तिलाई नयाँ चरणमा प्रवेश गरायो ।

यसरी भियतनामी क्रान्तिको पहिलो चरणले राष्ट्रिय स्वाधीनताका लागि जनताको अटुट संघर्ष र नेतृत्वको संयोजनलाई प्रस्ट पार्दै संसार भरका उत्पीडित राष्ट्रलाई प्रेरणा प्रदान गऱ्यो ।

### फ्रान्सेली उपनिवेशवादको चपेटामा संघर्ष

सन् १९४६ देखि १९५४ सम्म चलेको पहिलो इन्डोचाइना युद्ध भियतनामी क्रान्तिको प्रारम्भिक बलिदान र अदम्य साहसको प्रतीक थियो । यो युद्ध केवल सैनिक भिडन्त मात्र थिएन । यो भियतनामी राष्ट्रको अस्तित्व, आत्मसम्मान र स्वाधीनताका निम्ति भएको ऐतिहासिक संघर्ष थियो । यस भीषण युद्धमा अत्याधुनिक हतियार र सशक्त सैन्य शक्तिको सामना गर्न भियतनामी जनताले आफ्नो भूगोलको सटीक परिचालन, सामूहिक ऐक्यबद्धता र अटुट आत्मबललाई मुख्य हतियार बनाएका थिए ।

फ्रान्सेली उपनिवेशवादको शासनमा भियतनामी समाजले अत्यधिक कर, भूमिहीनता र आर्थिक अन्यायको गहिरो पीडा सहनुपऱ्यो । कृषक वर्गलाई आफ्नो भूमिबाट विस्थापित गरियो, जसका कारण उनीहरूको जीवन अझ कठिन र दयनीय बन्यो । उता औद्योगिक क्षेत्रको सम्पूर्ण विदेशी नियन्त्रण र स्थानीय व्यवसायको दमनले आर्थिक स्वावलम्बनको आधार नै भताभुङ्ग पाऱ्यो । यी सबै अन्याय र शोषणले जनतामा विद्रोहको चेतनालाई अझ तीव्र बनाउँदै गयो । यसलाई हो ची मिन्ह र भियतनामी कम्युनिस्ट पार्टीले यथार्थपरक ढंगले सम्बोधन गर्दै देशभर जनजागरणको लहर ल्याए ।

भियतनामी कम्युनिस्ट पार्टीले क्रान्ति जनआधारित बनाउन बहुआयामिक प्रयास गऱ्यो । सैनिक तयारीमा मात्र सीमित नरहेर, पार्टीले जनताको भौतिक, मानसिक र वैचारिक उत्थानमा पनि ध्यान केन्द्रित गऱ्यो । भूमि सुधार कार्यक्रमको घोषणा, स्थानीय समुदायलाई संगठित बनाउने कार्यशैली र आत्मनिर्भरताको सन्देशले जनमानसमा क्रान्तिप्रतिको विश्वास अझ प्रगाढ बनायो । यसले किसान, मजदुर, र बुद्धिजीवी वर्गहरूबिच व्यापक ऐक्यबद्धताको वातावरण सिर्जना गऱ्यो, जसले संघर्षलाई थप सशक्त र जनकेन्द्रित बनायो । यद्यपि यो यात्रा सहज थिएन । फ्रान्सेली सेनाले अत्याधुनिक हतियार र जटिल सैन्य रणनीतिहरू प्रयोग गर्दै उपनिवेशवादी शासनलाई पुन:स्थापित गर्न हरसम्भव प्रयास गऱ्यो । तैपनि भियतनामी जनताको आफ्नै भूगोलप्रतिको गहिरो ज्ञान, गुरिल्ला युद्धको रणनीति र असीमित धैर्यले फ्रान्सेली सेनालाई निरन्तर चुनौती दिइरह्यो ।

### डियन बियन फु युद्ध

भियतनामको उत्तर-पश्चिमी क्षेत्रमा पर्ने एउटा सानो उपत्यकाको नाम हो, डियन बियन फु । यहीँ सन् १९५४ मा युद्ध भयो, जुन पहिलो इन्डोचाइना युद्धका नामले चिनिन्छ । यो युद्ध भियतनामी स्वतन्त्रता संघर्षको निर्णायक मोड थियो । फ्रान्सेली सेनाको 'अविजेय' भनिएको सैन्य बलको मिथकलाई भताभुंग पार्दै यसले विश्वभरका उपनिवेशवादविरोधी आन्दोलनहरूलाई नयाँ ऊर्जा र प्रेरणा प्रदान गऱ्यो ।

त्यहाँको दुर्गम भौगोलिक क्षेत्रलाई आफ्नो सुरक्षा गढ ठान्दै फ्रान्सेली सेनाले अत्याधुनिक हतियार र सैन्य रणनीतिमा भरोसा राखेको थियो तर हो ची मिन्हको दूरदर्शी नेतृत्व र जनरल भो गुयन जियापको रणनीतिक सुझबुझले युद्धको परिभाषा नै बदलिदियो । परम्परागत युद्ध रणनीतिलाई चुनौती दिँदै भियतनामी सेनाले गुरिल्ला युद्धको कुशल प्रयोग, स्थानीय भूगोलको फाइदा र निरन्तर घेराबन्दीबाट फ्रान्सेली सेनाको शक्तिलाई कमजोर तुल्यायो ।

यस युद्धको वास्तविक मेरुदण्ड भियतनामी जनता थिए । महिलादेखि किसानसम्म सबैले आफ्नो श्रम, समय र साधन यस संघर्षमा समर्पित गरे । महिलाहरूले खतरनाक पहाडी मार्गहरूबाट रसद र हतियार पुऱ्याए । किसानले आफ्नो भूमि र खाद्यान्न युद्धका लागि अर्पण गरे । युवाहरूले सुरुङ प्रणाली बनाउँदै फ्रान्सेली सैनिक रणनीतिलाई ध्वस्त पार्न मद्दत गरे । जनताको यो अटल समर्थनले भियतनामी सेनालाई असाधारण सशक्त बनायो । डियन बियन फु युद्धले फ्रान्सेली सेनालाई सैन्य र मनोवैज्ञानिक रूपमा परास्त गऱ्यो । यो विजय फ्रान्सेली उपनिवेशवादको अन्त्यको सुरुवात बन्यो । १९५४ को जेनेभा सम्झौताले फ्रान्सलाई भियतनामबाट फिर्ता जान बाध्य गरायो तर सम्झौताले भियतनामलाई उत्तर र दक्षिणमा विभाजन गरिदियो, जसले अर्को संघर्षको बीजारोपण गऱ्यो ।

डियन बियन फुको विजयको महत्त्व स्थानीय परिधिभन्दा पर थियो । यसले उपनिवेशवादविरोधी संघर्षलाई विश्वव्यापी सन्देश दियो–शक्तिशाली सैन्य बलको सामना गर्न जनताको एकता र इच्छाशक्ति नै निर्णायक हतियार हुन् । यो विजयले भियतनामको स्वतन्त्रता र एकताका लागि बलियो आधार तयार गर्दै शोषित र उपेक्षित समुदायलाई नयाँ आशा र हिम्मत दिलायो । डियन बियन फु युद्धको ऐतिहासिक विजय भियतनामी जनताको साहस, दृढता र बलिदानको प्रतीक बनेर अमर रह्यो । यसले भियतनामको भौगोलिक स्वतन्त्रता सुनिश्चित गऱ्यो नै, राष्ट्रको आत्मसम्मान र सामूहिक एकताको परिभाषालाई संसारभर उदाहरणीय बनायो । यो विजयले विश्वभरका उत्पीडित जनतामा न्याय र स्वतन्त्रताको सपना थप बलियो पारिदियो । यो विजय केवल सैन्य पराजयको कथा होइन । यो रणनीतिक बुद्धिमता, अद्वितीय जनसहभागिता र राष्ट्रको स्वाभिमानलाई पुन: स्थापित गर्ने ऐतिहासिक क्षण थियो ।

### दोस्रो इन्डोचाइना युद्ध

डियन बियन फुको विजयले भियतनामलाई उपनिवेशवादबाट मुक्त गराए पनि राष्ट्रिय एकीकरणको सपना अधुरै थियो । सन् १९५५ देखि १९७५ सम्म चलेको दोस्रो इन्डोचाइना युद्ध जसलाई भियतनाम युद्धका रूपमा चिनिन्छ, त्यो केवल सैनिक भिडन्त थिएन साहस, बलिदान र अविचल अडानको गौरवशाली कथा थियो । यस युद्धमा अमेरिकाले दक्षिण भियतनामलाई आफ्नो प्रभावमा राख्न ठुलो सैन्य, आर्थिक र प्राविधिक बल प्रयोग गऱ्यो । अत्याधुनिक हतियार र हवाई आक्रमणहरूको भरमा अमेरिकाले आफ्नो विजय सुनिश्चित गर्न खोज्यो तर हो ची मिन्हको नेतृत्वमा उत्तर भियतनामले 'गुरिल्ला युद्ध रणनीति'सँगै 'हो ची मिन्ह ट्रेल'जस्तो आपूर्ति मार्ग र जनताको अविचल समर्थनको बलमा लगातार चुनौती दियो ।

भियतनामी जनताको सहभागिता यस युद्धको मूल शक्ति थियो । गाउँगाउँका किसानले खाद्यान्न र युद्ध सामग्री जुटाए, महिलाहरूले भूमिगत सुरुङ प्रणाली निर्माण गरे र युवाहरूले गुप्तचर र प्रतिरोध आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेले । यो युद्ध केवल सैन्य लडाइँ नभई सिङ्गो राष्ट्रको साझा संघर्ष बन्यो । अमेरिकी सेनाले नापाम बम र केमिकल एजेन्ट ओरेन्जजस्ता घातक हतियार प्रयोग गरेर भौगोलिक रूपमा भियतनामलाई तहसनहस पार्ने प्रयास गऱ्यो, तर भौतिक विनाशका बिच भियतनामी जनताको अडान, राष्ट्रप्रेम र बलिदान अटल रह्यो । हरेक गाउँ, हरेक सहर यो युद्धको प्रतिरोध केन्द्र बन्यो ।

सन् १९७५ मा साइगन (यो भियतनामको दक्षिणी भागमा रहेको सहरको नाम हो, जसलाई आज हो ची मिन्ह सिटी भनिन्छ)को पतनले युद्धको औपचारिक अन्त्य गर्दै भियतनामलाई पुन: एकीकृत राष्ट्रको रूपमा स्थापित गऱ्यो । यो विजय केवल भियतनामी जनताको गौरवशाली उपलब्धि मात्र थिएन, यसले साम्राज्यवादविरोधी विश्वव्यापी संघर्षहरूलाई नयाँ जोस र आत्मविश्वास प्रदान गऱ्यो ।

### साइगनको पतन

सन् १९७५ अप्रिल ३० को बिहान, दक्षिण भियतनामको राजधानी साइगनमा जनवादी सेनाले विजयको झन्डा फहरायो । यो क्षण केवल सैनिक विजयको अन्त्य मात्र थिएन, यसले जनताको अटुट इच्छाशक्ति र साम्राज्यवादी हस्तक्षेपको पराजयको ऐतिहासिक सन्देश संसारभर पुऱ्यायो । साइगनको पतनको प्रमुख कारण भियतनामी सेनाको रणनीतिक सुझबुझ र जनताको बलिदानमा आधारित आन्दोलन थियो । हो ची मिन्ह ट्रेलजस्ता आपूर्ति मार्गहरूको कुशल प्रयोग, गुरिल्ला रणनीति र भूमिगत सुरुङ प्रणालीले जनवादी सेनालाई अद्वितीय बनायो । युद्धका हरेक चरणमा भियतनामी जनता यो संघर्षको अभिन्न अंग बने ।

अमेरिकी सेनाले आफ्नो सम्पूर्ण सैन्य शक्ति प्रयोग गऱ्यो तर भियतनामी राष्ट्रको आत्मबल र जनसहभागिताको अगाडि निरीह साबित भयो । साइगनस्थित अमेरिकी दूतावासबाट हेलिकप्टरहरूमा अधिकारीहरू भाग्दै गरेका दृश्यले विश्वलाई एउटा स्पष्ट पाठ सिकायो – अत्याधुनिक सैन्य बल जनताको दृढ इच्छाशक्तिलाई हराउन असमर्थ हुन्छ । साइगनको विजयसँगै भियतनाम पुन: एक एकीकृत राष्ट्रका रूपमा उभियो । विभाजन र विनाशले थलिएको राष्ट्र अब आर्थिक, सामाजिक र राजनीतिक पुनर्निर्माणको यात्रामा अग्रसर भयो । यो यात्रा केवल भियतनामको पुनर्निर्माणको कथा थिएन, यसले उत्पीडित र संघर्षरत जनताको सामूहिक चाहनाको जीवित उदाहरण प्रस्तुत गऱ्यो ।

सारांशमा, साइगनको यो ऐतिहासिक विजयले स्वतन्त्रता, आत्मनिर्णय र जनताको बलिदानलाई अमर बनायो । यो घटना भियतनामको गौरवपूर्ण इतिहासको पराकाष्ठा मात्र नभई विश्वभरका उत्पीडित राष्ट्रहरूका लागि प्रेरणाको शाश्वत स्रोत बनेर उभियो ।

### भियतनामी क्रान्तिको कालजयी सन्देश

भियतनामी संघर्ष केवल सामरिक वा राजनीतिक अभियान नभई साहस, बलिदान र आत्मसम्मानको अमिट गाथा हो । यो संघर्षले उत्पीडित र शोषित समुदायका लागि प्रेरणाको उज्यालो पथ प्रदर्शकको रूपमा आफ्नो स्थान सुरक्षित गरेको छ । जब जनता एकताबद्ध भएर अन्यायविरुद्ध अडान लिन्छन्, कुनै पनि शक्तिशाली साम्राज्यवादी बलले उनीहरूको आकांक्षा दबाउन सक्दैन भन्ने सन्देश भियतनामी जनताको संघर्षले विश्वभर पुऱ्याएको छ ।

फ्रान्सेली उपनिवेशवादविरुद्ध डियन बियन फु युद्धमा प्राप्त विजय होस् वा साइगनको पतनबाट राष्ट्रको एकीकरण– यिनमा भियतनामी जनताको बलिदान, सङ्गठन र अटल सङ्कल्पको सामूहिक शक्ति नै निर्णायक थियो । यसले संसारलाई देखायो कि अन्यायविरुद्धको संघर्ष केवल सम्भव मात्र होइन, इतिहासको यथार्थ पनि हो । यस क्रान्तिले समकालीन विश्वका संघर्षरत राष्ट्रहरूलाई एउटा महत्त्वपूर्ण सन्देश दिएको छ – असमानता, शोषण र साम्राज्यवादका कुनै पनि स्वरूपलाई परास्त गर्न एकताबद्ध जनताको अटुट सङ्कल्प नै सबैभन्दा ठुलो हतियार हो । भियतनामी जनताको यो बलिदानी गाथाले आत्मनिर्भरताका लागि संघर्षरत समुदायहरूलाई नयाँ आशा र आत्मविश्वास प्रदान गरिरहेको छ ।

यो अमर संघर्षको गाथा कुनै एउटा राष्ट्रको विजय मात्र होइन, यो विश्वभरका उत्पीडित र संघर्षरत जनताका लागि सामूहिक चेतना र प्रेरणाको शाश्वत स्रोत हो । भियतनामको यो क्रान्ति इतिहासको एउटा गौरवशाली अध्याय मात्र नभई भावी आन्दोलनहरूको मार्गदर्शन गर्ने अमूल्य धरोहर बनेर रहिरहनेछ ।

*(साभार: रातोपाटी)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस ८ गते सोमबार २३ डिसेम्बर २०२४ । अष्टमी, पौष कृष्णपक्ष । थिलागा ११४५ ने.सं. । सूर्योदय ६:५३, सूर्यास्त ५:१३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शुभ समाचार सुन्न पाइनेछ | **तुला** | : मनोकांक्षा सिद्धि हुनेछ |
| **वृष** | : मान सम्मान पाउन सकिनेछ | **वृश्चिक** | : गरेको कार्यमा सफलता मिल्नेछ |
| **मिथुन** | : मन खिन्न हुन सक्नेछ | **धनु** | : नयाँ कार्ययोजना बन्नेछ |
| **कर्कट** | : व्यापार व्यवसायबाट लाभ हुनेछ | **मकर** | : आकस्मिक लाभ हुनेछ |
| **सिंह** | : राजनीतिमा सफलता मिल्नेछ | **कुम्भ** | : राम्रो अवसर गुम्नेछ |
| **कन्या** | : काममा विलम्ब हुनेछ | **मीन** | : खर्च र दु:ख बढ्नेछ |

## विषादीमा होस पुऱ्याउने हो भने अझै पनि खेतबारी जोगाउन सकिन्छ

✍ विष्णुप्रसाद र गंगा तिमिल्सिना

ललितपुर घुसेलको बावियोगाउँ हाम्रो थात-ठेगाना हो । यो गाउँ काठमाडौं, ललितपुर र मकवानपुरको सिमानामा पर्छ । हामीले २०५६ सालमा पुर्ख्यौली थलोभन्दा केही तल जग्गा किनेर खेतीपाती गर्न थालेका हौं । पश्चिम फर्केको टार, पानी लाग्ने र असाध्यै राम्रो धान खेती हुने फाँटले हामीलाई लोभ्याएकाले केही माथिको बस्तीबाट तल झरेका हौं । हामीसँग १५ रोपनी जग्गा छ, त्यसमध्ये १३ रोपनीमा खेती हुन्छ, बाँकी २ रोपनी जति भीरपाखो छ । यही ठाउँमा हामीले २० वर्षभन्दा बढी समय धान खेती गऱ्यौं ।

१०/१२ वर्षदेखि तरकारी खेती गरि रहेका छौं । २/३ वर्षदेखि धान रोप्न छाडेर हामी तरकारी खेती गरिरहेका छौं । एक त, ज्यामी महँगो हुन थाले, अर्कोतर्फ सिंचाइका लागि पानी पाउन कठिनाइ हुँदै गएपछि अन्नबालीमा टिकिरहन गाह्रो भयो । उन्नत बीउ र मिहिनेतले अन्न उत्पादन घटेको थिएन, तर त्यसको तुलनामा खर्च बढेकाले अन्नबालीको खेतीबाट हामीलाई टिक्न कठिन भयो । यो भेगमा सबैभन्दा कम रासायनिक मल प्रयोग गर्ने हाम्रो परिवार मात्रै हो । १३ रोपनी जग्गामा हामीले २५ किलो मल (रासायनिक) मात्रै प्रयोग गरिरहेका छौं । हामीलाई अरूको तुलनामा आफ्नो खेतबारीबाट कम उत्पादन भए जस्तो लाग्दैन । छिमेकीहरू उत्पादन घटेको गुनासो गरिरहन्छन्, हाम्रो त्यस्तो छैन ।

हामीले तीन वर्षदेखि खनजोत नगरी बाँझो जग्गामा काउली रोपिरहेका छौं, यो नौलो प्रयोग पनि हो । यो प्रयास देखेर कतिपयले 'यिनीहरूले दु:ख मात्रै गरे, यसरी केही हुने होइन' भनेर हामीलाई सतर्क पनि गराए । तर, राम्ररी काउली फलिरहेको छ, उनीहरूको भन्दा यहाँको खेतमा उत्पादन बढी नै छ । यसरी खेती गर्दा एक त खेतबारी खनजोत गर्नुपरेन, ज्यामीको ज्याला र आफ्नो समय र मिहिनेत जोगिने भएकाले अरू काममा लाग्न पाइने भयो । अर्कोतर्फ, यसरी खेती गर्दा माटो बिग्रिंदैन । त्यसमा वरपरको झार उखेलेर फालिदिए पुग्छ, अरू मिहिनेत गर्नुपर्दैन । खेतीमा प्रयोग हुने मल, पानीको प्रयोग किफायती हुँदोरहेछ ।

तीन वटा भैंसी र १० वटा जति बाख्रा पालेर हामीले प्राङ्गारिक मल नै खेतबारीमा प्रयोग गरिरहेका छौं । तरकारीका लागि आवश्यक पर्ने प्रांगारिक उपचारका लागि तालिम लिएका छौं । हामी आफैं सूक्ष्म जीवाणु उत्पादन गर्छु र खेतबारीमा हाल्छौं, तिनले माटो मलिलो बनाउन मद्दत गर्छन् । हामीले टनेलमा टमाटर र अरू तरकारी उत्पादन गर्छौं । तर रासायनिक मल र विषादी हाल्दैनौं । प्राङ्गारिक तरकारी भएकाले अरूको तुलनामा किलोमा ५/१० रुपैयाँ बढीमै बिक्री हुन्छ ।

पहिले ग्राहक घरमा आएर तरकारी किन्थे, उनीहरूमा भर पर्नुपर्ने अनि चाहेको बेलामा तरकारी बजार पुऱ्याउन कठिनाइ हुने भएपछि कृषि विकास बैंकबाट ऋण लिएर छोराले गाडी किनेको छ । यहाँ उत्पादन गरेको तरकारी छोराले आफ्नै गाडीमा हालेर बजार पुऱ्याउँछ ।

२०८१ असोजमा आएको बाढी पहिरोले हाम्रो घर भत्काइदियो । अहिले हामी त्रिपालमा बसिरहेका छौं । तलपट्टि टहरोमा भान्सा बनाएर काम चलाएका छौं । त्यतिबेलाको बाढी र पहिरोले कुलो पनि ठाउँठाउँमा भत्काएको छ, अब चाहेर पनि धानखेती गर्न सम्भव छैन । तर कारीका लागि भने पाइपबाट ल्याएको पानीले सिंचाइ गरिरहेका छौं ।

हामीले खेतबारीमा रासायनिक विषादी पनि प्रयोग गरेका छैनौं । आलुखेतीमा देखिने रातो कीरा हटाउन कहिलेकाहीं विषादी प्रयोग हुन्छ । तरकारी खेतीलाई असर गर्ने कीराहरू हटाउन र बारीमा हाल्न आफैंले झोलमल बनाउँछौं ।

केतकी, तितेपाती लगायतका विभिन्न झारपातमा निश्चित अनुपात मिलाएर सख्खर हालेर ३ महिना एउटा भाँडामा राखेपछि झोलमल तयार हुन्छ । त्यो झोलमल पानीमा मिसाएर तरकारीमा छर्ने गरिन्छ । त्यसले तरकारी र अन्नबालीमा आउने कीरा भगाउँछ अनि मलको काम पनि गर्छ ।

रासायनिक मलको जथाभावी प्रयोग नगर्ने, विषादी नछुने हो भने हाम्रो खेतबारी जोगाउन सकिन्छ । हामीले बेलाबेलामा माटोको परीक्षण गरिरहेका छौं, प्राविधिकहरूले माटोमा समस्या छैन भन्ने गर्छन् । रासायनिक मल प्रयोग गरेर २/४ किलो बढी उत्पादन होला, तर माटो बिग्रेला भन्ने चिन्ता लाग्छ । अन्नबाली खेतीबाट भन्दा अहिले हामीले चौगुणा फाइदा कमाएका छौं । धान, गहुँ भित्र्याउन ६ महिना कुर्नुपर्छ, तर तरकारी ६ महिनामा दुई पटक उब्जाउ हुन्छ, तुरुन्तै नगद पनि प्राप्त हुन्छ । यसरी परसम्मको सोच्नु राम्रो हो । त्यसैले हामीले अर्गानिक खेतीलाई नै अगाडि बढाउँछौं । किनकि यसबाट अन्नबालीबाट भन्दा बढी आम्दानी मिलेकै छ ।

*(साभार: अनलाइनखबर)*

नेपाल प्रिमियर लिग

# जनकपुर बोल्ट्सको च्याम्पियन शैली




काठमाडौं/नेपाली खेलकुद इतिहासमै सबैभन्दा ठूलो स्पोर्टिङ इभेन्ट मानिएको नेपाल प्रिमियर लिग (एनपीएल) को उपाधि जनकपुर बोल्ट्सले जितेसँगै शनिबार सकिएको छ । आयोजना, पुरस्कार राशी, सहभागी टिमको संख्या, लगानी अनि विदेशी खेलाडीहरुको आगमन र प्रदर्शनले पनि यसलाई अहिलेसम्मकै ठूलो खेल महोत्सवको रुपमा लिइएको छ । जहाँ जनकपुर बोल्ट्सले बाँकी ७ टिमलाई पछि पार्दै च्याम्पियन बन्यो ।

फाइनलमा जनकपुरले सुदूरपश्चिम रोएल्सलाई ५ विकेट हरायो । यसको नायक बने लाहिरु मिलान्था । ओपनर मिलान्थाले ८५ रनको सानदार पारी खेलेपछि सुदूरले दिएको १८५ रनको लक्ष्य जनकपुरले ४ बल अगावै ५ विकेट गुमाएर पूरा गर्दै पहिलो संस्करणको उपाधि आफ्नो नाममा लेखायो । त्रिवि क्रिकेट मैदानमा आयोजित समारोहबीच पूर्वप्रधानमन्त्रीद्वय पुष्पकमल दाहाल प्रचण्ड र शेरबहादुर देउवाले विजेता जनकपुरलाई ट्रफी हस्तान्तरण गरे ।

काठमाडौंको धरहरा परिसरमा मंसिर १० गते एनपीएल ट्रफी अनावरण गरिएको थियो । प्रधानमन्त्री केपी शर्मा ओलीले अनावरण गरेको यो ट्रफीमा सर्वोच्च शीखर सगरमाथा आधार शिविर क्षेत्र कालापत्थरको ढुंगा प्रयोग गरिएको छ । आयोजक क्यान सचिव पारस खड्काले एनपीएलको मुख्य आकर्षण खेलसँगै ट्रफी पनि रहेको बताएका थिए । हुन पनि ट्रफीको प्रयोग भएको कालापत्थरको ढुंगाले त्यतिबेलै सबैको ध्यान खिचेको थियो । ट्रफीलाई केवल खेलको हार जितसँगमात्र जोड्ने नभइ हिमाल संरक्षणको सन्देश दिन पनि सर्वोच्च स्थानको ढुंगा जडान गरिएको उनको भनाइ थियो ।

ट्रफीमा प्रयोग भएको ढुंगा आरोहीद्वय निमा शेर्पा र मिङ्मा शेर्पाले ल्याएका हुन् । ट्रफी अनावरण कार्यक्रममा शेर्पाद्वयलाई सम्मान गरिएको थियो । मंसिर १६ गतेदेखि भएको नेपाली खेलकुद इतिहासकै सबैभन्दा ठूलो फ्रेन्चाइज प्रतियोगिता आज सकिएको छ ।

प्रतियोगितामा ८ फ्रेन्चाइज टोली सहभागी थिए । र अन्तत: कालापत्थरको ढुंगाजडित पहिलो नेपाल प्रिमियर लिगको ट्रफी जनकपुर बोल्टस्को नाममा भएको छ । जनकपुरले ट्रफीसहित अहिलेसम्मको ठूलो पुरस्कार राशी १ करोड १० लाख प्राप्त गर्‍यो । उपविजेता सुदूरपश्चिमले ५१ लाख र तेस्रो भएको कर्णालीले २५ लाख हात पार्‍यो । चौथो चितवन राइनोजको भागमा १५ लाख पर्‍यो । कालापत्थरको ढुंगा ल्याएर बनाइएको एनपीएलको पहिलो ट्रफी उचाल्ने सौभाग्य मधेश प्रदेशको प्रतिनिधितव गर्ने जनकपुरले पायो । जनकपुरले त्यस्तो टिमलाई फाइनलमा हरायो जो सँग यसअघि आफैं दुई पटक पराजित भएको थियो ।

एनपीएलमा नेपालको सबै प्रदेशको प्रतिनिधित्व हुनेगरी टिम बनाइएको थियो । जसमा बागमतीको दुई टिम बाहेक हरेक प्रदेशको एक-एक टिम थिए । कीर्तिपुरको टीयू मैदानमा मात्र प्रतियोगिता भएपनि नेपालका सबै क्षेत्रका समर्थकहरुले एनपीएललाई निकै चासो र रोमाञ्चकताका साथ हेरे । फाइनलअघि सम्म एक हार बाहेक सानदार प्रदर्शन गरेको सुदूरपश्चिमलाई जनकपुरले फाइनलमा उत्कृष्ट प्रदर्शन गर्दै पराजित गरेको हो ।

नेपाली खेलकुदमा सय करोड (एक अर्ब) को ट्याग दिइएको एनपीएलमा ८ टिम सहभागी थिए । ३० भन्दा बढी विदेशी खेलाडीहरु अनि विश्व चर्चित स्टार स्पोर्ट्समा प्रत्यक्ष प्रशारण । चर्चित टिभी च्यानलमा प्रत्यक्ष प्रसारण हुँदा नेपाली खेलाडीको प्रदर्शन पनि विश्वभर हेर्न अवसर मिल्यो । यस्तै भारतीय स्टार शिखर धवनदेखि मार्टिन गप्टिल र जिमी नीशमजस्ता खेलाडीहरुले पनि नेपाल आएर एनपीएल खेले ।

**उत्कृष्ट फाइनल**

नेपाली घरेलु क्रिकेटमा अझ फ्रेन्चाइज टी२० क्रिकेटमा यो उत्कृष्ट फाइनलको रुपमा रह्यो । हाई स्कोरिङ म्याच, दुई ब्याटरको अर्धशक अनि दर्शकहरुको उल्लासपूर्ण सहभागिता । यो कुनै अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता भन्दा कम थिएन । दर्शकहरुको लागि पनि यो इन्टर टेन दिने खालको म्याच भयो ।

दुवै टिमका ओपनर चले । सुरुवात उत्कृष्ट भयो । दुवैले फिनिसिङमा केही संघर्ष गर्नुपर्‍यो । टस जितेर सुरुमा पावर प्लेमा दुवै टिमले विकेट गुमाएनन् । पावर प्लेमा जनकपुरले ७१ र सुदूर पश्चिमले ४८ बनाए । टी२० मा सुरुको पावर प्ले वा डेथ ओभरमा जसले राम्रो खेल्छ उही टिमले बाजी मार्ने आकलन गरिन्छ । पावर प्लेमा सुदूरपश्चिम भन्दा २३ रन बढी बनाएको जनकपुरले खेल आफ्नो पक्षमा ल्याउने संकेत गरि सकेको थियो । डेथ ओभरमा पनि सुदूरले अन्तिम ५ ओभरमा ४१ रन मात्र बनाउन सक्यो । जसमा ६ विकेट गुमाएको थियो ।

सुदूरले पनि डेथ ओभर मा उत्कृष्ट बलिङ गर्‍यो । १५ ओभरमा १५९/२ मा पुगेको जनकपुरले १६औं ओभरमा १५ रन जोड्यो । त्यसपछि सुदूरका बलरले सानदार बलिङ गर्दै खेललाई अन्तिमसम्म पुर्‍याएको थियो । तर आफ्नो हातबाट खेल फुत्किसकेपछि सुदूरले बलिङमा पुनरागमन गर्‍यो । जतिबेला जनकपुरलाई जितका लागि २४ बलमा १३ रन मात्र चाहिएको थियो ।

अनिल साह घाइते भएपछि प्लेअफमा फाइनसम्म कप्तानी गरेका जनकपुरका कप्तान आसिफ शेखले उपाधि जित्न पाउ खुशी व्यक्त गरे । 'उपाधि जित्न पाउँदा एकदम खुसी छौं । आज राम्रो स्टार्ट चाहिएको थियो र त्यस्तै भयो,' उनले भने । फाइनलमा हारपछि सुदूरपश्चिमका कप्तान दिपेन्द्रसिंह ऐरीले बलिङमा राम्रो गर्न नसकेको र राम्रो खेल्न नसकेको बताए । 'मिलान्थाले एकदमै राम्रो खेले अनि आसिफले पनि ओपनिङमा राम्रो गरे । आजको पिच राम्रो थियो । हामीसँग राम्रा बलरहरू थिए तर आज राम्रो खेल्न सकिएन', उनले भने ।

फाइनलअघिसम्म राम्रो खेलेर पनि फाइनलमा भने सुदूर पश्चिमले तुफान देखाउन सकेन । प्रशिक्षक टमाटाले ब्याटिङमा १०-१५ रन कम भएको बताए । उनले दुवै टिमले राम्रो खेलेको र जनकपुर ले अझ राम्रो खेलेको बताए ।

पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले ब्याटिङमा सानदार सुरुवात गरेको थियो । सैफ अली जैब र विनोद भण्डारीको शतकीय साझेदारीले सुदूरपश्चिमले एनपीएलमा २०० रनको आँकडा पार गर्छ कि भन्ने आश देखाएको थियो । तर बलिङमा जनकपुरले पुनरागमन गर्‍यो । सैफ जैबले सर्वाधिक ६९ रन बनाउँदा ४३ बल खेल्दै ८ चौका र २ छक्का प्रहार गरे । विनोदले ३१ बल खेल्दै १ चौका र ३ छक्का मद्दतमा ४१ रन जोडे । यो जोडीले पहिलो विकेटका लागि १२ ओभरमा ११७ रनको साझेदारी गरेको थियो ।

किशोर महतोले यो साझेदारी ब्रेक गरेपछि जनकपुरले बलिङमा पुनरागमन गर्‍यो । त्यसपछि ६७ रन जोड्दा सुदूर पश्चिमले ९ विकेट गुमाएको थियो । जनकपुरका मोहम्मद मोहनसिन र किशोर महतोले ३-३ विकेट लिए ।

१८५ रनको लक्ष्य पछ्याउँदै जनकपुरले आक्रमक सुरुवात गर्दै पावर प्लेमै धेरै रन जोडेर जितको आधार तय गरेको थियो । यसअघिका खेलमा उत्कृष्ट देखिएको सुदूरको बलिङ फाइनलमा चल्न सकेन । चार ओभरमै ४८ रन जोडेको जनकपुरले पावर प्लेमा ७१ रन बनाएको थियो भने १० ओभर सकिँदा १०५/२ को स्थितिमा थियो ।

जनकपुरका ओपनिङ जोडी मिलान्था र कप्तान आसिफ शेखले पहिलो विकेटका लागि सात ओभरमा ७३ रनको साझेदारी गरे । १६औं ओभरमा स्कट कुगेलेइनबाट कट एण्ड बोल्ड हुनुअघि मिलान्थाले सर्वाधिक ८७ रन बनाइसकेका थिए । उनले ४९ बल खेल्दा ९ चौका र ४ छक्का प्रहार गरे । जनकपुरको जितमा नायक रहेका श्रीलंकन मूलका अमेरिकी खेलाडी मिलान्थाले भने, 'म धेरै नै खुसी छु, शब्दमा व्यक्त गर्न सकिरहेको छैन । दर्शकहरूबाट पनि भरपुर साथ पाइएको छ । जित हार जे हुँदा पनि समर्थन गरि रहनुभएको छ ।'

दुई वर्षअघि भएको नेपाल टी२० लिगमा पनि लुम्बिनी अल स्टार्स च्याम्पियन बन्दा उनले उत्कृष्ट ब्याटिङ गरेका थिए । त्यसबेला उनले ३४९ रन बनाउँदै सर्वाधिक रन बनाउनेमा तेस्रोमा थिए । आसिफले १९ बल खेल्दै ४ चौका र २ छक्का मदतमा ३३ रन योगदान गरे । हर्श थाकरले अविजित रहँदै २४ बलमा ३० रन जोडे । उनले २ छक्का पनि प्रहार गरे । वान डाउमा आएका मोहसिन ९ र नमा आउट भए । मयन यादवले विजयी रन प्रहार गर्दै २ रनमा अविजित रहे । ८ बलर प्रयोग गरेको सुदूरका लागि कुनै पनि खेलाडीले १ भन्दा बढी विकेट लिन सकेनन् । सबैभन्दा किफायती बलिङ गरेका सैफ जैबले ३ ओभरमा १४ रन खर्चेर १ विकेट लिए ।

**जनकपुर बोल्ट्स च्याम्पियन यात्रा**

दुई वर्षअघि भएको नेपाल टी२० लिगको उपाधि जितेको लुम्बिनी अल स्टार्सकै म्यानेजमेन्ट टिमका केही व्यक्तिहरुसहित जनकपुर बोल्ट्स टिमको स्वमित्व लिएको लिएको थियो । मार्कीमा आफ्नै क्षेत्रको आसिफ शेख पाएको जनकपुरले लुम्बिनी अल स्टार्समा खेलेका अनिल शाहदेखि ललित राजवंशी किशोर महतो अनि विदेशी खेलाडी मिलान्थालाई समेत अनुबन्ध गर्दै टिम बनाएको थियो ।

राष्ट्रिय टिमका पूर्व प्रशिक्षक पुबुद दासानायकेलाई मुख्य प्रशिक्षक नियुक्त गर्दै प्रशिक्षकमा मनोज कटुवाललाई निरन्तरता दिएको थियो । विदेशी खेलाडीमा नेपालमा अनुभव भएका मिलान्थासँगै विश्व चर्चित अलराउण्डर जिमी नीशमलाई भित्र्याएको थियो । यीनै खेलाडीहरुले उत्कृष्ट प्रदर्शन गर्दै जनकपुरले उपाधि जित्यो ।

लिगअघि नै लुम्बिनी अल स्टार्सको लेगेसी कायम गर्ने लक्ष्य राखेको जनकपुर त्यसमा सफल भयो । त्यही खेलाडीले यस पटक उत्कृष्ट प्रदर्शन गरे । २९३ रन सहित मिलान्था सर्वाधिक रन बनाउने खेलाडी बने । यस्तै सुदूशरका स्कट कुगेलेइनसँगै ललित राजवंशीले सर्वाधिक १७ विकेट लिए । नीशमले अलराउण्ड प्रदर्शन गरे ।

लिगमा जनकपुरले सबैभन्दा धेरै १० खेल खेल्दै ७ खेल जित्यो भने ३ खेलमा पराजित भयो । तर फाइनलमा आवश्यक खेलमा उत्कृष्ट प्रदर्शन गर्दै च्याम्पियन बन्न सफल भयो । लिगम चरणमा खेलेका ७ मध्ये ५ खेल जितेर दोस्रो स्थानमा रहेको जनकपुर क्वालिफायरमा वानमा सुदूरसँग ८ विकेटले पराजित भएको थियो । अर्को अवसरमा कर्णाली याक्सलाई २ विकेटले रहउदै फाइनलमा सुदूरसँग नै भेट पक्का गरेको थियो ।

फाइनल अघि सुदूरसँग २-० ले पछि रहेको जनकपुरले फाइनलमा उत्कृष्ट प्रदर्शन गर्दै दुवै हारको बदला लियो । लिगमा सुरूवाती चार खेलमा लगातार जित निकालेको भएपनि त्यसपछि लय गुमाउँदा जनकपुरले सुदूरपश्चिम र चितवन राइनोजसँग हार व्यहोरेको थियो । त्यसपछि एक खेल जित्दा फेरि अन्तिम खेलमा पराजित भएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# फाइनल खेलमा कहाँ चुक्यो सुदूरपश्चिम ?

काठमाडौं/नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको उपाधि जनकपुर बोल्ट्सले जित्यो । फाइनलमा सुदूरपश्चिम रोयल्सको चूनौति पन्छाउँदै जनकपुर एनपीएलको ऐतिहासिक विजेता बन्यो । हाइ स्कोरिङ खेलमा जनकपुरले सुदूर पश्चिमसँगको पछिल्लो दुई भेटको नतिजा उल्टाउँदै जित हासिल गर्‍यो जसमा कमजोर देखिएको ब्याटिङमा शनिबार सुधार गरेको देख्न सकिन्थ्यो ।

खेलमा टस जितेर पहिले सुदूरपश्चिमले ब्याटिङ गर्दै १८४ रनको योगफल तयार गरेको थियो । उक्त योगफल यस प्रतियोगितामा बनेको उच्चमध्येकै योगफल हो । धेरेजसो खेलमा मध्यम योगफलसहित केही लो स्कोरिङ खेलहरू भएपनि फाइनल जुन पिचमा खेलाइएको थियो त्यसअनुसार यति रन बन्ने खालकै पिच थियो । फ्ल्याट पिचमा रन धेरै बन्न सक्ने अनुमानका बीच सुदूरले १८४ रन बनायो तर पनि प्रतियोगिताभर उत्कृष्ट फर्ममा देखिएको भएपनि उपाधि भिडन्तमा कहाँ चुक्यो त ? आज चर्चा गर्नेछौं ।

**फिनिसिङमा फितलो**

सबैभन्दा पहिलो कुरा भनेको सुदूरपश्चिमको फिनिसिङमा केही कमी देखियो । ओपनरद्वय विनोद भण्डारी र सेफ जैबले शानदार सुरूवात दिलाएपछि १० ओभरमा कुनैपनि विकेट नगुमाई ९७ रन बनाएको सुदूरपश्चिम पहिलो विकेट खस्नुअगाडि १२औं ओभरमा ११७-० को अवस्थामा थियो । विनोद र सेफ जैब आउट भएपछि आएका ब्रान्डन माकमुलेन र हर्मीत सिंह समान १४ रन बनाएर आउट भए । त्यसपछि स्कट कुग्लेइनले १३ बाहेक अन्यले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

सुदूरले २०० सम्मको स्कोर बनाउने तरिकाले सुरूवातदेखि खेलेर १५ ओभरसम्म १४३-३ को बलियो अवस्थामा रहेको भएपनि अन्तिम ५ ओभरमा ४१ रन मात्र बनाउन सक्यो । ठुलो शट खेल्ने धुनमा सबैजसो ब्याटरहरू क्याचआउट भइरहेका थिए । खेलपछि प्रशिक्षक जगत टमाटाले पनि अलिकति रन कम भएको बताएका थिए । 'हामी १० रन जति अलि शर्ट भयौं कि जस्तो लाग्यो, हामीले राम्रो खेलेको हो तर जनकपुरले हामीभन्दा पनि राम्रो खेल्यो' उनको भनाइ थियो । 'लास्टको ५ ओभरमा हामीसँग विकेट पनि बाँकी थियो । १०-१५ रन जति थप्न सकेको भए केही हुन्थ्यो होला' उनले भने । कप्तान दिपेन्द्रले पनि आफूहरूको बलिङ राम्रो हुँदाहुँदै अलिकति कम रन बनाएकाले जित सम्भव नभएको बताए । उनले लाहिरु मिलान्था र आसिफ शेखको ओपनिङको पनि तारिफ गरेका थिए ।

**पावरप्लेमा दुई मेडन व्यहोर्नु**

सुदूरपश्चिमले पावर प्लेमा कुनैपनि विकेट नगुमाई ४८ रन बनाएको थियो । सुरूवात राम्रो गर्दै गर्दा सुदूरले पावरप्लेमै दुईवटा मेडन भने व्यहोरेको थियो । ललित राजवंशीको चौथो तथा हर्श थाकरको पाँचौं ओभर मेडन हुँदाहुँदै सुदूरले बाँकी ४ ओभर गरेर ४८ रन जोडेको थियो । त्यो दुईवटा मेडन व्यहोर्नु पनि सुदूरका लागि घातक साबित भयो । पावरप्ले आफैंमा महत्वपूर्ण फेज मानिन्छ । त्यसमा दुईवटा ओभरमा रन नै नजोड्नु भनेको दुर्लभ हुन्छ टी२० खेलमा । खेलका क्रममा मेडनमा आउने रन अन्य ओभरबाट कभर भएको देखिएपनि खेलको नतिजामा पनि त्यसले प्रत्यक्ष असर पुर्‍यायो ।

खेलपछि प्रशिक्षक टमाटाले पनि सोही कुरा उल्लेख गरेका थिए । 'पावरप्लेको ओभर भनेको यसैपनि महत्वपूर्ण नै हो । त्यहाँ दुई मेडन भनेको धेरै ठुलो हो । अलिकति रन बनाउन सकिन्थ्यो होला । पछाडिको ओभरमा पनि १०-१५ रन शर्ट भयौं' उनले भने ।

**क्याच मिस र एक्स्ट्राज**

भनिन्छ क्रिकेटमा क्याच मिस हुनु भनेको म्याच मिस हुनु हो । सुदूरपश्चिमको बलियो पक्ष फिल्डिङ पनि हो । तर फाइनल खेलमा सुदूरले दुई महत्वपूर्ण क्याच छाड्यो त्योपनि सेट ब्याटरहरू लाहिरु मिलान्था र हर्श थाकरको । जनकपुर ११६-१ को अवस्थामा हुँदा कप्तान दिपेन्द्र १२औं ओभर बलिङ गर्न आए । ६५ रनमा खेलिरहेका मिलान्थाले रूम बनाएर खेल्न खोजेका थिए तर बल टर्न भएर ब्याटको टप एज लागेर माथि गएको थियो । उक्त बल समात्न कप्तान दिपेन्द्र आफैं गए । तर उनको हातमा लागेर बल छुट्यो । नेपालको उत्कृष्ट फिल्डरमध्येका एक दिपेन्द्रले करियरमा त्योभन्दा धेरै उत्कृष्ट क्याचहरू लिएका छन् । उक्त क्याचका लागि बल गइरहेकै दिशामा आफैं कुदेका दिपेन्द्रले जज गर्न सकेनन् र छुट्यो । यद्यपी उक्त क्याच लिनका लागि लङ्गअफबाट र मिडअफबाट पनि फिल्डरहरू आएका थिए । जसका लागि अलि सहज हुन सक्थ्यो ।

त्यसपछि जनकपुर १३७-२ मा हुँदा हर्मितको बलिङमा लङ्गअनमा शट खेलेका थाकरको क्याच माकमुलेनले छाडे । उक्त बल उनको हातमा लागेर छक्काका लागि गएको थियो । यी दुई क्याचले खेलको मोमेन्टम परिवर्तन गर्दै सुदूरलाई खेलमा फर्काउन सक्थ्यो । त्यसैगरी एक्स्ट्रा पनि केही बढी खर्चिएको थियो सुदूरले । पेसरले लाइन बिगार्दा डाउन द लेग गएको बल किपरले समेत भेट्न नसक्दा चौकाका लागि गइरहेका थिए ।

# 'भ्वाइस अफ नेपाल'को टीजरले सिजन ६ बारे के जानकारी दिन्छ ?





काठमाडौं/सांगीतिक रियालिटी शो 'द भ्वाइस अफ नेपाल सिजन ६'को टीजर सार्वजनिक भएको छ ।

'सपनाहरूले उडान लिनेछन् । आवाजहरूले प्रमाण छाड्नेछन् र यो स्टेजले फेरि एउटा इतिहास रच्नेछ । यो मंच एउटा मंचमात्र होइन, भविष्यको धुरन्धर गायकहरूको जन्मस्थान पनि हो' टीजरको सुरुमा कार्यक्रम प्रस्तोता सुशिल नेपाल भन्छन् ।

त्यसपछि स्टेज र कोच बस्ने कुर्सीको आकर्षक डेकोरेसन दर्शाइएको छ । त्यसपछि तानसेनसहित विभिन्न थलोका प्रतिस्पर्धीको धारणालाई समेटिएको छ । ती दृश्यमा प्रतिस्पर्धीले आफ्नो प्रतिभालाई तिखार्न भ्वाइसको मंच राम्रो प्लाटफर्म बन्ने बताएका छन् ।

त्यसपछि उदय सोताङ, मेलिना राई, राजु लामा र खेम सेन्चुरीलाई कोचको रुपमा चिनाइएको छ । त्यसपछि प्रायोजकलाई प्रस्तुत गरिएको छ । छैटौं सिजनको मुख्य प्रायोजकमा क्लोज अप छ ।

शोको प्रसारण पुस तेस्रो साताको शुक्रबार र शनिबारदेखि हिमालय टिभी र हिमालय टिभी प्रिमियममा बेलुका ८ बजे प्रसारण हुने जनाइएको छ । भ्वाइस अफ नेपालको युट्युब च्यानललमा बेलुका साढे ८ बजेदेखि स्ट्रिमिङ हुनेछ ।

# एआईबाट भिडियो बनाएर चरित्रहत्या गर्नेविरुद्ध समीक्षाले दिइन् साइबर ब्युरोमा उजुरी



काठमाडौं/गायिका समीक्षा अधिकारीले एआईबाट भिडियो बनाएर आफ्नो चरित्रहत्या गरेको भन्दै शनिबार प्रहरीको साइबर ब्युरोमा उजुरी दिएकी छन् ।

२१ हजार फलोअर्स रहेको दिपु कान्छो प्रोफाइल डिजिटल क्रिएटर नामक फेसबुक पेजविरुद्ध उजुरी दिएको उनले जनाएकी छन् । फेसबुक, टिकटक र युट्युवमा समेत आपत्तिजनक भिडियो पोस्ट गरिएको विवरण उल्लेख गर्दै समीक्षाले प्रहरीमा उजुरी दिएकी हुन् ।

उनले साइबर ब्युरोमा उजुरी दिएकोबारेको विवरण फेसबुकमार्फत सार्वजनिक गरेकी छन् । अपरिचित व्यक्तिले एआई र कम्प्युटरलाई दुरुपयोग गरि सामाजिक संजालमा आफ्नो बेइज्जत गरेको, प्रतिष्ठामा आँच आउने गरि हैरानी दिने उद्देश्यले भिडियो बनाएको विवरण उल्लेख गरेकी छन् ।

पोस्ट गर्ने व्यक्तिलाई पक्राउ गरि हदैसम्मको कानूनी कार्वाही गर्न पनि उनले आग्रह गरेकी छन् ।

यसबारे जानकारी दिँदै उनले लेखेकी छन्- मेरो चरित्रहत्या गर्ने व्यक्तिविरुद्ध आज साइबर ब्युरोमा निवेदन दिएकी छु । मेरो व्यक्तिगत र पारिवारिक जीवनमा असर पर्ने गरी राखिएको यस्तो प्रकारका भिडियोले समाज तथा राष्ट्रलाई नै असर पर्छ । साइबर व्युरोबाट कम्प्युटर र एआईको दुरुपयोग गरी यस्तो कार्य गर्ने व्यक्तिलाई तत्काल खोजी गरी कारवाही गर्ने जानकारी पाएको छु । कृपया सस्तो लोकप्रियता कमाउने उद्देश्यले कुनै पनि छोरी चेलीको जीवनलाई असर पर्ने गरी गैरकानूनी क्रियाकलाप नगरीदिनुहुन अनुरोध गर्दछु ।

# जोन अब्राहमले किन लेखे नेपालका पर्यटनमन्त्रीलाई पत्र ?

काठमाडौं/बलिउड अभिनेता जोन अब्राहमले नेपालका पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेलाई चितवनको सौराहामा आयोजना हुँदै आइरहेको हात्ती महोत्सव खारेज गर्न आग्रह गरेका छन् । उनले आफ्नो हस्ताक्षर सहितको पत्र पठाउँदै महोत्सवमा हात्तीको प्रयोग हुने भएकाले त्यो रोक्न अनुरोध गरेका हुन् । पत्रमा उनले महोत्सवको नाममा हात्तीहरू माथि दुर्व्यवहार हुने गरेको जनाएका छन् ।

पत्रमा भनिएको छ, 'केही मानिसहरू यसलाई परम्परा र आकर्षण ठान्दछन् । तर, म यसमा सामेल हुने हात्तीमा पर्ने प्रभावबारे आफ्नो चिन्ताको सम्मानपूर्वक साझा गर्न चाहन्छु । यी बौद्धिक, संवेदनशील जनावरहरूले यी खेलहरूमा ठूलो शारीरिक र भावनात्मक तनाव सहन्छन् । पर्दा पछाडि, तिनीहरू प्राय: कठोर प्रशिक्षण विधिहरू र कठोर परिस्थितिहरूको अधीनमा हुन्छन्, जुन कुनै पनि जीवित प्राणीले सहन नपरोस् ।'

जोनले प्राकृतिक बासस्थानमा हात्तीहरूको सुन्दरता आफूले देखेको उल्लेख गर्दै उनीहरु शक्ति, अनुग्रह र बुद्धिको प्रतीक रहेको जनाएका छन् । उनले अगाडि लेखेका छन्, 'तिनीहरू धेरै तरिकामा राष्ट्रिय खजाना हुन् । र, नेपालसँग यी भव्य जनावरहरूलाई कसरी सम्मान र संरक्षण गर्ने भनेर संसारलाई देखाउने बाटोको नेतृत्व गर्ने अवसर छ ।'

अभिनेता अब्राहमले पत्रमा हात्ती पोलो र फुटबलजस्ता कार्यक्रमहरूलाई नैतिक वन्यजन्तु पर्यटन पहलहरूसँग प्रतिस्थापन गर्दा त्यसले वन्यजन्तुको सम्मान र संरक्षण सुनिश्चित गर्दै विश्वमा नेपालको ख्याति बढाउने उल्लेख गरेका छन् । 'हात्तीको खेललाई खारेज गर्न म विनम्र आग्रह गर्दछु,' उनी लेख्छन्, 'नेपालले मेरो फदयमा विशेष स्थान ओगटेको छ, र म विश्वस्त छु कि यसको उज्यालो भविष्य त्यहाँका जनता, वन्यजन्तु र अतुलनीय प्राकृतिक सौन्दर्यको सम्मान गर्ने निर्णयहरूले आकार दिनेछ ।'

पत्रमा जोनले नेपालको संस्कृतिक पक्ष र प्राकृतिक सुन्दरताको पनि प्रशंसा गरेका छन् । 'जब म तपाईंको सुन्दर देश देख्छु, मलाई यसको समृद्ध संस्कृति, लोभ्याउने परि दृश्यहरू, र त्यहाँका मानिसहरूको न्यानो र आतिथ्यताको याद आउँछ । नेपाल एउटा राष्ट्र हो, जसको म गहिरो प्रशंसा गर्छु,' उनले पत्रमा भनेका छन् ।

जोन पशुप्रेमीको रुपमा चिनिन्छन् । उनी पशु उद्धार संस्थाहरुमा समेत आबद्ध छन् । २०१४ मा उनले सडकको एउटा कुकुरलाई अपनाएका थिए । त्यो कुकुरको नाम उनले बेली राखेका छन् । नेपालमा समेत राम्रो फ्यान फलोइंग भएका जोनको 'पठान' पछिल्लो ब्लकबस्टर फिल्म हो । उनले 'धूम', 'हाउसफुल २', 'गरम मसला' जस्ता तीन दर्जन बढी फिल्ममा काम गरिसकेका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सर्वोत्तम साकोसको कारोबार १४ करोड ४८ लाख



साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/हेटौंडा उपमहानगरपालिका-८ राजपानी स्थित सर्वोत्तम संचिती बचत तथा ऋण सहकारी संस्थाको १८ औं वार्षिक साधारणसभा शनिबार भएको छ ।

सहकारीका अध्यक्ष रामबहादुर बस्नेतको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा सभा भएको थियो । सभामा संस्थाका अध्यक्ष बस्नेतले वार्षिक प्रगति प्रतिवेदनका साथ आगामी नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । त्यस्तै ऋण उपसमितिका संयोजक रामनाथ बगालेले ऋण प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाको आर्थिक कारोबार सहितको प्रतिवेदन कोषाध्यक्ष रामभक्त अधिकारीले प्रस्तुत गरेका थिए ।

२ करोड ५४ लाख ८७ हजार छ सय शेयरपुँजी रहेको सहकारीले अफ्ना सदस्यलाई ७ करोड ३२ लाख १२ हजार रुपैयाँ कर्जा लगानी गरेको संस्थाका व्यवस्थापक राजाराम थापाले बताए । संस्थामा १९ लाख ८४ हजार ७८१ रुपैयाँ जगेडा कोषमा रहेको छ भने बचत निक्षेप ११ करोड २ लाख ४६ हजार रुपैयाँ रहेको व्यवस्थापक थापाले बताए ।

सभामा वडा नम्बर ८ का वडाध्यक्ष रामकृष्ण थापा, वडा नम्बर ७ का वडाध्यक्ष दामोदर गौतम, वडा ८ सदस्य गोखरनाथ राय, जिल्ला बचत तथा ऋण सहकारी संघका सदस्य जुना दंगाल, मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने, राष्ट्रिय सहकारी बैंकका वेदनाथ पौडेल, हेटौंडा साकोसका अध्यक्ष ईन्द्रबहादुर बस्नेत, किसान कल्याण कृषि सहकारीका अध्यक्ष मोति लामा, संस्थाका सल्लाहकार पुष्पराम थापा, मनोहर दाहाल, हरिप्रसाद वाग्लेलगायत विभिन्न संघ संस्थाका प्रतिनिधिको आतिथ्यता रहेको थियो ।

सहकारीले आफ्नै उद्योग सञ्चालन गरी तोरीको तेल, फापरको पिठो, चनाको पिठो, चियापत्ती लगायत विभिन्न वस्तुहरु उत्पादन गरी बिक्री गर्दै आइरहेको छ ।

# मनहरीको प्रशासनिक भवनको उपप्रधानमन्त्री सिंहद्वारा शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकाको प्रशासनिक भवनको शिलान्यास गरिएको छ । शनिबार रजैयामा एक औपचारिक कार्यक्रमकाबीच उपप्रधान एवम् सहरी विकास मन्त्री प्रकाशमान सिंहले भवनको शिलान्यास गरेका छन् ।

काठमाडौंको तामाकोशी ढाचा निर्माण सेवा जेभीसँग गाउँपालिकाले ८ करोड २८ लाखमा २०८२ चैत्र ३० गतेसम्म निर्माणकार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेको हो । गाउँपालिका कार्यालय हाल भाडाको घरमा बस्दै आइरहेको छ । शिलान्यास कार्यक्रममा उपप्रधानमन्त्री सिंहले भवनको निर्माणको कार्य तोकिएको समयमा सम्पन्न गर्न निर्माण कम्पनीलाई निर्देशन दिए । नयाँ प्रशासकीय भवनबाट जनताले स्थानीय सरकारको प्रत्यक्ष अनुभूति गर्ने गरी काम गर्नुपर्नेमा उनले जोड दिएका छन् ।

गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री मिनकृष्ण महर्जन, नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँ, कांग्रेस मकवानपुरका जिल्ला सभापति बुद्ध लामालगायत विभिन्न राजनीतिक दलका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# नौलोबिहानी कृषि सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/हेटौंडा उपमहानगरपालिका-६ चौघडामा रहेको नौलोविहानी कृषि सहकारी संस्थाको १४ औं वार्षिक साधारणसभा शनिवार भएको छ ।

बागमती प्रदेश उद्योग, वाणिज्य तथा प्रशासनमन्त्री सुकमाया तामाङको प्रमुख आतिथ्यता एवम् सहकारी अध्यक्ष विष्णुप्रसाद ढुंगानाको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारणसभामा संस्था अध्यक्ष ढुंगानाले संस्थागत प्रतिवेदन, लेखा संयोजक गोपालचन्द्र भट्टराईले लेखा समितिको प्रतिवेदन, कोषाध्यक्ष देवेन्द्र श्रेष्ठले आर्थिक प्रतिवेदन र उपाध्यक्ष जयराम घिमिरेले ऋण उपसमितिको प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा सञ्चार कर्मी मणिराज गौतम, नियमित बचतकर्ता रामकुमारी देवकोटा, असलऋणी राजु गौतम, ज्येष्ठ शेयर सदस्य हाजिरमान डिमडुङ र उत्कृष्ट किसान रामनाथ बास्तोलालाई पुरस्कृत गरिएको थियो । साधारण सभामा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, वडासदस्य विजय पौडेल, हेटौंडा उपमहानगर सहकारी महाशाखा प्रमुख हिमप्रसाद पौडेल, संस्थापक अध्यक्ष राघव न्यौपाने, निवर्तमान अध्यक्ष भरत सापकोटा, हेटौंडा-६ का निवर्तमान अध्यक्ष अर्जुनप्रसाद चौलागाई, गरिबी निवारण सहकारी अध्यक्ष कृष्णप्रसाद सापकोटा, कामधेनु बहुउद्देश्यीय सहकारी उपाध्यक्ष केशव धितालगायतको उपस्थिति थियो ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७


# गणपतिबाबा सहकारीको १३ औं साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/हेटौंडा उपमहानगरपालिका-२ मानसचोकमा रहेको गणपतिबाबा बचत तथा ऋण सहकारी संस्थाको १३ औं वार्षिक साधारणसभा शनिवार हेटौंडा-६ बारुतेमा वनभोज, स्वासथ्यपरीक्षण सहित सम्पन्न भएको छ ।

नगरप्रमख मीना लामाको प्रमुख आतिथ्यता एवम् सहकारी अध्यक्ष कमलराज मैनालीको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारणसभामा अध्यक्ष मैनालीले संस्थागत प्रतिवेदन, सचिव झलकप्रसाद गौतमले सचिवको प्रतिबेदन, कोषाध्यक्ष भीमप्रसाद तिमल्सिना 'पवन'ले आर्थिक प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, नेपाल जग्गा तथा आवास ब्यवसायी महासंघका अध्यक्ष बिष्णुप्रसाद घिमिरे, बरिष्ठ अधिवक्ता ईश्वरराज ढकाल, अधिवक्ता धूब चौलागाईलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । उत्कृष्ठ बालबचतकर्ता हेटौंडा-१६ का बैभवी खतिवडा, हेटौंडा-२ का रिदम पौडेल, उत्कृष्ठ जेष्ठनागरिक बचततर्फ यशोदा मैनाली, असल ऋणी तारा कोइराला, नबीनराज मोक्तानलाई सम्मान गरिएको थियो ।

अधिक समयावधि निक्षेपकर्ता राजनप्रसाद आचार्य, बिजयलाल श्रेष्ठ, अधिक सेयर खरिदकर्ता झलकप्रसाद गौतम, उत्कृष्ठ गणपतिबाबा बचतकर्ता खिलप्रसाद पौडेल, डिल्लीप्रसाद दाहाल, उत्कृष्ठ मासिक बचतकर्ता सृजना मगर, समन मैनाली, दैनिक बचतकर्ता समरसिंह प्रधान, रोहिनीप्रसाद गौतम, खुत्रुके बचतकर्ता प्रशंसा तिमल्सिना, अरुण चौलागाई, सहकारी अभियानकर्मी सम्मानबाट तुलसीप्रसाद संग्रौला, निर्मला अधिकारी र स्वास्थ्य सम्मानबाट भरतबहादुर कार्कीलाई सम्मानीत गरिएको थियो ।

सहकारीलाई यहाँसम्म ल्याउन महत्वपूर्ण योगदान पुऱ्याएकोमा सहकारीका प्रबन्धक युवराज तिमल्सिनालाई कदरपत्र सहित सम्मान गरिएको थियो । चुरेहिल अस्पतालका स्वास्थ्य टोलीको सहयोगमा गरिएको स्वास्थ शिबिरमा संस्थाका करिब ३ सय जनाले स्वास्थ्य परीक्षण गराएका थिए । हेटौंडा उपमहानगर सहकारी महाशाखाप्रमुख हिमप्रसाद पौडेलले नगरका सहकारी मध्ये उत्कृठ हुन सफल गणपतिबाबा सहकारीको टिमले नीतिनियम सही रुपमा पालना गरेको बताए ।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्षका उमेद्वार अनिल अग्रवाल र प्रमोदसिंह रानाभाटले सहकारीसँग समन्वय गर्ने बताए । निर्वाचन प्रक्रियामा होमिएका अध्यक्षका दुबै प्रत्यासीले आफ्नो पक्षमा मतदान गरी बिजयी बनाउन आग्रह गरेका थिए । सहकारीमा आबद्ध १४५५ पुरुष र ८५८ महिला सदस्यको एक करोड ३५ लाख रुपैयाँ सेयरपूँजी लगानी गरेका छन् । संस्थाको जगेडा कोषमा २४ लाख, अन्य कोषमा १७ लाख ७३ हजार रुपैयाँ रहेको छ ।

# मनहरीमा १३७ केजी गाँजा बरामद




साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/ मकवानपुर प्रहरीले मनहरीबाट १ सय ३७ केजी गाँजा बरामद गरेको छ । मकवानपुरको मनहरी गाउँपालिका-५ डिल्लीपुरतर्फ गाँजाको भारी बोकेर गइरहेको अवस्थामा राप्ती खोलामा प्रहरीलाई देखेपछि गाँजाको भारी नै छाडेर भरियाहरु भागेका थिए ।

१०/१२ जनाको समूहमा रहेका भरियाले शनिबार बिहान राक्सिराङ गाउँतर्फबाट गाँजा बोकेर आएको सूचनापछि प्रहरीले डिल्लीपुर स्थित राप्ती खोलापारि बसेको थियो । प्रहरीलाई देखेर भरियाले गाँजाको बोरा छाडेर भागेको प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले बताए । उनका अनुसार १३ वटा बोरामा १ सय ३७ केजी गाँजा बरामद भएको छ । 'गाँजाको बोरा छाडेर भाग्नेहरुको खोजी गरिरहेका छौं,' इप्रका मनहरीका प्रहरी अधिकृतले भने । तस्करहरुले राक्सिराङबाट गाँजा खरिद गरेर मनहरी गाउँपालिकाको विभिन्न नाका हुँदै भारततर्फ लैजाने गरेका छन् ।

मकवानपुर प्रहरीका अनुसार चालु आवको साउनदेखि पुस ६ गतेसम्म ३ हजार ६० केजी गाँजा, ३० केजी चरेस र २ सय ३९ ग्राम खैरोहिरोइन बरामद गरेको छ । लागूऔषध कारोबार गरेको आरोपमा मकवानपुर प्रहरीले नेपाली र भारतीय नागरिक ६९ जना पक्राउ गरेको प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता अर्यालले बताए । जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांक अनुसार गत आवमा लागूऔषध ओसारपसार गरेको आरोपमा २१ महिलासहित २ सय ५० जनालाई प्रहरीले पक्राउ गरेर मुद्दा दायर गरेको थियो ।

## शिक्षक आवश्यकता

*(दोस्रो पटक प्रकाशित मिति : २०८१/०९/०६)*

उपर्युक्त सम्बन्धमा शिक्षा विकास महाशाखा, हेटौंडा उपमहानगरपालिकाको च.नं. २५७ मिति २०८१।०८।०७ को शिक्षण प्राप्त पदपूर्ति अनुमति पत्रानुसार र वि.व्य.स.को मिति २०८१।०८।१२ को निर्णयानुसार यस विद्यालयलाई प्राप्त मा.वि. शिक्षण सिकाई अनुदान (विज्ञान विषय) रकमबाट तपशिल बमोजिमको माध्यमिक शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले उल्लेखित योग्यता पुगेका नेपाली नागरिकहरुबाट आजको मितिले ७ (सात) दिनभित्र रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपशिल:**

| क्र.सं. | विज्ञापन नं. | पद | विषय | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०८१/०८२ | मा.वि. अनुदान शिक्षक | विज्ञान | १ |

उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक
तलब : नेपाल सरकारले तोके बमोजिम अनुदान रकम
आवश्यक शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा वि.एड. वा सो सरह उत्तीर्ण
परीक्षा दस्तुर : रु.२०००।- (अक्षेरुपी दुई हजार मात्र)
दरखास्त दिने अन्तिम मिति : २०८१/०९/१२ गते शुक्रबार (विद्यालय समयभित्र)
सम्पर्क मिति : २०८१/०९/१२ गते
परीक्षा मिति : सम्पर्क मितिको दिन जानकारी गराइनेछ ।
परीक्षाको किसिम : लिखित र मौखिक (आवश्यकता अनुसार कक्षावलोकन)
आवश्यक कागजात : नेपाली नागरिकता, मा.वि. तहको स्थायी अध्यापन अनुमति पत्र, शैक्षिक योग्यता र अनुभवको प्रमाणित प्रतिलिपि २/२ थानका साथ हस्तलिखित निवेदन

थप जानकारीका लागि:

**श्री अमर माध्यमिक विद्यालय**
हेटौंडा-१, मकवानपुर
सम्पर्क नं. : ०५७-५२२९६५

# युसेस सहकारीको १५ औं साधारणसभा




साझाकुरा संवाददाता

हेटौंडा, ६ पुस/हेटौंडा उपमहानगरपालिका-१०, स्थित युसेस बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं वार्षिक साधारणसभा भएको छ ।

हेटौंडा-१० का वडाअध्यक्ष फुर्वादोर्जे लामाको प्रमुखआतिथ्यता, १ नम्बर वडाका वडाअध्यक्ष सविन न्यौपानेको विशेष आतिथ्यता तथा सहकारीका अध्यक्ष उत्तम शर्मा ढकालको सभाध्यक्षतामा साधारण सभा भएको हो । हेटौंडा उपमहानगरका सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, साधारणसभामा जिल्ला सहकारी संघ उपाध्यक्ष मेनका घिमिरे, जिल्ला बचत तथा ऋण सहकारी संस्था सचिव विजय बस्नेत, जिल्ला बहुद्देश्यीय सहकारी संघ मकवानपुरका अध्यक्ष रामहरि न्यौपानेलगायतको आतिथ्यता रहेको थियो ।

८ सय ७३ जना शेयर सदस्य रहेको युसेस सहकारीको आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म शेयर पुँजी ९३ लाख २८ हजार ९ सय रहेको छ । बचत निक्षेप ५ करोड ५० लाख ८५ हजार ३ सय १६ रुपैयाँ, जगेडाकोष ३१ लाख ७९ हजार ८ सय ३२ रुपैयाँ, अन्य कोषमा १३ लाख १० हजार ७ सय ४० रुपैयाँ र कारोबार ७ करोड ३९ लाख २३ हजार ७६ रुपैयाँ गरेको सहकारीका अध्यक्ष ढकालको वार्षिक प्रतिवेदन र कार्ययोजनामा उल्लेख गरिएको छ ।

सहकारीले गतवर्ष जिल्ला बचत तथा ऋण सहकारी संघद्वारा आयोजित विभिन्न कार्यक्रममा सहभागिता जनाउनुका साथै ऋणीको जोखिम व्यवस्थापनका लागि अनिश्चित ऋण सुरक्षणकोषको व्यवस्थालाई निरन्तरता दिएको, कर्मचारीलाई युनिफर्म र छाता लगायतका सामग्री उपलब्ध गराएको, संस्थाले सम्पत्ति शुद्धीकरण व्यवस्थालाई कडाइका साथ पालना गरेको, कोपोमिस प्रणालीलाई अनिवार्य लागु गरिएको जनाएको छ ।

अध्यक्ष ढकालका अनुसार राष्ट्रिय सहकारी स्थापना दिवसमा सहभागी भएको, सहकारी अवलोकन भ्रमणमा सञ्चालक र शेयरसदस्य गरी जम्मा ३५ जनाको टोली गएको, बालमैत्री कार्यक्रम वडा न. ४ ले गरेको कार्यक्रममा ब्यानर सहित सहभागी भएको, बालमैत्री कार्यक्रमका लागि ५ हजार आर्थिक सहयोग गरेको, सहकारी शिक्षा अभिमुखीकरण हेटौंडा-११ बुद्धचोक टोलविकास भवनमा ९१ जनाको सहभागितामा कार्यक्रम गरिएको, पोखरास्थित सहकारी रोयल साकोस र जनसेवा साकोसको अध्ययन तथा अवलोकन भ्रमण गरिएको, १ वर्षभन्दा बढी भाखा नाघेको ऋण शून्य पार्ने सहकारीले रणनीति लिएको बताइएको छ । कुल ऋणमा भाखा नाघेको ऋण २ प्रतिशतभन्दा कम गराउने लक्ष्य राखिएको अध्यक्ष ढकालले बताए ।

# मकवानपुरमा ६ महिनामा ८७ विगाहा गाँजा र अफिम फँडानी

साझाकुरा संवाददाता



हेटौंडा, ६ पुस/जिल्ला प्रहरी कार्यालय मकवानपुरले असार यता मात्रै ६ महिनाको अवधिमा ८७ विगाहा क्षेत्रफलमा लगाइएको लागूऔषध गाँजा र अफिम फँडानी गरेको छ ।

प्रहरीले गत असार ७ गतेदेखि शनिबारसम्ममा थाहा नगर पालिका, कैलाश गाउँपालिका, राक्सिराङ गाउँपालिका र बागमती गाउँपालिकाको विभिन्न क्षेत्रमा लगाइएको गाँजा र अफिमखेती नष्ट गरेको मकवानपुर प्रहरीले जानकारी दिएको छ । ७५ बिगाह ७ कट्ठा गाँजाखेती र १२ बिगाह ३ कट्ठा अफिमखेती नष्ट गरेको मकवानपुर प्रहरीले जनाएको छ । फँडानी गर्न बाँकी रहेका अन्य स्थानमा क्रमश: अभियानकारुपमा फँडानी तथा नष्ट गरिने प्रहरीले जनाएको छ ।

## हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना ! सूचना !**

हेटौंडा उपमहानगरपालिकाको आयोजनामा तपशिलका स्थान, मिति र समयमा व्यवसाय शिविर सञ्चालन हुन गइरहेकोले व्यवसाय दर्ता, नवीकरण तथा घरभाडा तिर्न घरधनीहरुलाई आवश्यक कागजपत्र संलग्न राखी निम्न तालिकाबमोजिम आफ्नो वडा कार्यालयमा गई व्यवसाय सम्बन्धी सुविधा लिनहुन अनुरोध छ ।

**व्यवसाय शिविरको तालिका** :

**समय:** बिहान ८ वजेवाट **मिति:** २०८१ पौषदेखि माघ मसान्तसम्म

| क्र.स. | वडा नम्बर | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | १८ | २०८१।०९।०७ र ०८ गते | वडा कार्यालय, हर्नामाडी | |
| २ | १७ | २०८१।०९।०९ र ११ गते | वडा कार्यालय, हटिया | |
| ३ | १६ | २०८१।०९।१२ र १४ गते | वडा कार्यालय, चिसापानी | |
| ४ | ०६ | २०८१।०९।१६ र १७गते | वडा कार्यालय, चौघडा | |
| ५ | ०७ | २०८१।०९।१८ र १९ गते | वडा कार्यालय, नागसोती | |
| ६ | ०८ | २०८१।०९।२१ र २२ गते | वडा कार्यालय, कमाने | |
| ७ | १५ | २०८१।०९।२३ र २४ गते | वडा कार्यालय, रातोमाटे | |
| ८ | १४ | २०८१।०९।२५ र २६ गते | वडा कार्यालय, मयुरधाप | |
| ९ | १३ | २०८१।१०।०२ र ०३ गते | वडा कार्यालय, पदमपोखरी | |
| १० | १२ | २०८१।१०।०४ र ०६ गते | वडा कार्यालय, पान्तले हात्तीगौडा | |
| ११ | ०९ | २०८१।१०।०७ र ०८ गते | वडा कार्यालय, लामसुरे | |
| १२ | १० | २०८१।१०।०९। र १० गते | वडा कार्यालय, बसपार्क | |
| १३ | ०१ | २०८१।१०।११ र १३ गते | वडा कार्यालय, चाईनाक्वाटर | |
| १४ | ११ | २०८१।१०।१४ र १५ गते | वडा कार्यालय, नवलपुर | |
| १५ | ०३ | २०८१।१०।२० र २१ गते | वडा कार्यालय, वसामाडी | |
| १६ | १९ | २०८१।१०।२२ र २३गते | वडा कार्यालय, बस्तिपुर | |
| १७ | ०४ | २०८१।१०।२४ र २५ गते | वडा कार्यालय, हुप्राचौर शितलमहलचोक | |
| १८ | ०५ | २०८१।१०।२७ र २८ गते | वडा कार्यालय, सानोपोखरा | |

हेटौडा उपमहानगरपालिका
राजश्व व्यवस्थापन शाखा

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना